# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४० | काठमाडौं | बिहीबार, ११ पुस २०८१ | Prabhab National Daily | Thursday, December 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


## तीन प्रतिपक्षीलाई ओलीको 'क्रिसमस गिफ्ट'

# रावलको सदस्यता खोसियो, पाण्डे र तिम्सिना निलम्बित





डा. भीम रावल — डा. विन्दा पाण्डे — उषाकिरण तिम्सिना

- विरोध गर्नेको राजनीति सिध्याउने दिशामा ओली
- डा. भीम रावललाई पार्टीबाटै निष्कासन, विन्दा पाण्डे र उषाकिरण तिम्सिनालाई छ महिना निलम्बन
- यसअघि लुम्बिनी प्रदेशका सांसद दुर्गा चौधरी पनि निलम्बित
- पार्टी केन्द्रीय कार्यालय पार्टीले नै निर्माण गर्नुपर्छ, विवादित व्यवसायीबाट जग्गा लिने र उनैलाई बनाउन लगाउन दिनु गलत भनेको निहुँमा कारबाही

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेकपा एमालेले पार्टी केन्द्रीय कार्यालय निर्माणका लागि विवादित व्यवसायी मिनबहादुर गुरुङबाट जग्गा लिन नहुने भन्दै प्रतिपक्षी भूमिकामा उभिएका तीन नेतामाथि कठोर कदम चालेको छ । आफैंले निर्माण गर्नुपर्छ भन्ने नेताहरूलाई एमालेले इसाइ धर्मावलम्बीहरूको चाड 'क्रिसमस गिफ्ट'कै दिन कारबाही गरेको हो ।

बुधबार बसेको एमाले सचिवालयको बैठकले पार्टीका पूर्वउपाध्यक्षसमेत रहेका नेता डा. भीम रावललाई पार्टीबाट निष्कासन गरेको छ । सोही बैठकले स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सिनालाई छ महिनाका लागि निलम्बन गरेको छ । उनीहरूले बुझाएको स्पष्टीकरण चित्तबुझ्दो नभएको जनाएको छ ।

**भीम रावलले पार्टी कमजोर बनाउने अभिव्यक्ति लगातार दिए, विन्दा पाण्डे र उषाकिरण तिम्सिनाले गल्ती रियलाइज नगर्दा कारबाही : प्रदीप ज्ञवाली**

**केपी ओलीको निरंकुश, स्वेच्छाचारी, तानाशाही र चरित्रको उपज निष्कासन : डा. भीम रावल**

गत २६ असोजमा विवादित व्यवसायी (भाटभटेनी सुपरमार्केटका सञ्चालक) गुरुङले काठमाडौंको कीर्तिपुरमा एमाले पार्टी कार्यालय निर्माणका लागि जग्गा दिएपछि तीनै जना नेताले विरोध गरेका थिए । पार्टीको आधिकारिक निर्णय एमाले आफैंले केन्द्रीय कार्यालय निर्माण गर्ने भन्ने रहेको स्मरण गराएका थिए । उक्त निर्णयका आधारमा पार्टी कार्यालय कुनै अमुक व्यवसायीले होइन कि एमाले स्वयंले बनाउनुपर्छ भनेका थिए ।

यसलाई एमाले अध्यक्ष केपी शर्मा ओलीले अनुशासनहीन अर्थमा बुझे । प्रधानमन्त्रीसमेत रहेका उनै अध्यक्ष ओलीको अध्यक्षतामा बुधबार बसेको सचिवालय बैठकले रावललाई निष्कासन र पाण्डे र तिम्सिनालाई निलम्बन गर्ने निर्णय गरेको हो । पार्टी उपमहासचिव प्रदीप ज्ञवालीले पार्टीबाट डा. रावललाई हटाउनुमा पार्टीलाई कमजोर बनाउनेगरी निरन्तर अभिव्यक्ति दिएकोलाई कारणको रूपमा स्पष्ट पारे । दिएको कुनै जिम्मेवारी पनि पूरा नगरेको उनको आरोप छ ।

'क. भीम रावल पार्टी महाधिवेशनमा अध्यक्षका लागि उम्मेदवार हुनुभयो । उपाध्यक्षका लागि आग्रह गरिएको कुरालाई मान्नुभएन । त्यसपछि केन्द्रीय सदस्यमा पनि नआउनुभएपछि हाम्रो वैधानिक व्यवस्थाअनुसार सल्लाहकारमा रहनुभयो तर त्यो जिम्मेवारी पूरा गर्नुभएन,' ज्ञवालीले बैठकपछि भने, 'उहाँका अभिव्यक्तिहरू त पार्टीलाई निरन्तर कमजोर बनाउने हिसाबले आएको हुनाले उहाँलाई संगठित सदस्यताबाट मुक्त गर्ने निर्णय गरिएको छ ।'

क्रमशः पृष्ठ २ मा

## एमालेमा भीम रावलको 'राइज एन्ड फल'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एमालेमा राष्ट्रवादको एजेन्डा बोक्ने खरो बोली भएको नेता हुन् भीम रावल । २०४७ मा झलनाथ खनाल कृषिमन्त्री हुँदा उनको स्वकीय बनेयता चर्चामा आएका थिए रावल ।

खरो स्वभावका नेता रावलको जन्म २०१३ साउन ४ मा अछामको साँफेबगर नगरपालिका-६ कालाआम गाउँमा भएको थियो । नुन नपाइने गाउँमा जन्मेका उनी भारतहुँदै काठमाडौं आएर विद्यार्थी राजनीतिमा प्रवेश गरेका थिए । एमालेमा उपाध्यक्ष हुँदै अध्यक्षसम्म प्रतिस्पर्धा गरेका उनले राजनीति शास्त्रमा विद्यावारिधि र कानुनमा स्नातक गरे ।

२०३० सालबाट विद्यार्थी राजनीतिमा लागेका रावल पटक-पटक जेल परेको देखिन्छ । उनले तत्कालीन नेकपा मालेका नेता राधाकृष्ण मैनालीबाट पार्टी सदस्यता प्राप्त पाएका थिए । अनेरास्ववियु एकताको पाँचौंको संस्थापकमध्येका एक रावल विदेश विभागको प्रमुखसमेत बने उक्त संगठनका । पार्टीले चलाएको पत्रिकाको सम्पादक बनेका उनी २०४८ सालपछि नेकपा एमालेको प्रचार विभागको सदस्य बने ।

खनालसँग नजिक भएर काम गर्न थालेका रावलले २०४८ सालमा अछामबाट प्रतिनिधिसभामा चुनाव लड्ने मौका पाए । यद्यपि पराजित भए । २०५१ सालमा भने उनी निर्वाचित भए । २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको सरकारमा पर्यटन राज्यमन्त्री बने । २०५५ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार हुँदा पर्यटनमन्त्री बने ।

क्रमशः पृष्ठ २ मा

### एमालेमा रावल

- २०३० – प्रगतिशील विद्यार्थी राजनीतिमा संलग्न
- २०३२ – केन्द्रीय कारागारमा राधाकृष्ण मैनालीबाट नेकपा मालेका सदस्यता
- २०३५ – कारागारको सदस्यताले मान्यता नपाएपछि तत्कालीन नेकपा मालेको सदस्यता पुनः प्राप्त
- २०३९ – नेकपा मालेको काठमाडौं बुद्धिजीवी कमिटीको सचिव, २०५४ को छैटौं र २०५९ को सातौं राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय कमिटीको सदस्यमा निर्वाचित
- २०६५ – आठौं राष्ट्रिय महाधिवेशनमा उपाध्यक्ष पदमा पराजित
- २०७१ – नवौं राष्ट्रिय महाधिवेशनबाट सर्वाधिक मत प्राप्त गरी केन्द्रीय कमिटीको उपाध्यक्षमा निर्वाचित
- २०७८– १०औं महाविधेशनमा केपी ओलीसँग अध्यक्षमा पराजित

### सरकार र संसदीय क्षेत्रको जिम्मेवारी

- २०४७ – कृषिमन्त्री झलनाथ खनालको स्वकीय सचिव
- २०४८ – नेकपा एमालेको तर्फबाट अछाम निर्वाचन क्षेत्र नम्बर १ मा उम्मेवार तर पराजित
- २०५१ – अछाम १ बाट प्रतिनिधि सभाको सदस्यमा निर्वाचित
- २०५१ – सालमा नेकपा एमालेको अल्पमतको सरकारमा पर्यटन, संस्कृति तथा नागरिक उड्डयन र वाणिज्य राज्यमन्त्री
- २०५५ – चुनावी सरकारमा पर्यटन, संस्कृति तथा नागरिक उड्डयन र विज्ञान र प्रविधिमन्त्री
- २०५६ – अछाम-१ बाट पराजित
- २०६४ – संविधानसभामा नेकपा एमालेको तर्फबाट संविधानसभामा समानुपातिक तर्फबाट सदस्य
- २०६६ – गृहमन्त्री
- २०७० – अछाम-१ बाट संविधानसभा सदस्य निर्वाचित
- २०७२ – उपप्रधान तथा रक्षामन्त्री
- २०७४ – अछाम-१ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित

**सन्दर्भ: वैदेशिक रोजगार**


## मंसिरमा विदेसिएका कामदार २६ प्रतिशत 'अदक्ष'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कुनै सीप नसिकी वैदेशिक रोजगारीमा जाने 'अदक्ष' कामदारको संख्या अझै ठूलो रहेको छ । चालु आर्थिक वर्षको मंसिर महिनामा मत्रै करिब २२ हजार अदक्ष कामदार वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गएका छन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार मंसिरमा श्रम स्वीकृति लिएकामध्ये २१ हजार ७१६ जना अदक्ष कामदार रहेका छन् । यो उक्त महिना श्रम स्वीकृति लिएका कूल कामदार संख्याको २५.७८ प्रतिशत हो । यो तथ्यांकले पुष्टि गर्छ, सीपयुक्त कामदारमात्र वैदेशिक रोजगारीमा पठाउने सरकार नीति प्रभावकारी बन्न सकेको छैन । मंसिरमा विदेसिएका अदक्ष कामदारमा १९ हजार ३७६ जना पुरुष र दुई हजार ३४० जना महिला कामदार रहेको तथ्यांकमा उल्लेख छ ।

यद्यपि, उक्त महिनामा श्रम स्वीकृति लिने अधिकांश भने केही न केही सीप सिकेका अर्धदक्षदेखि विशेष दक्षता भएकासम्म छन् । विभागको तथ्यांकअनुसार मंसिरमा सबैभन्दा बढी ५३ हजार १५८ जना




दक्ष कामदार रोजगारीका लागि विदेसिएका छन् । जसमा ४७ हजार ७४८ पुरुष र पाँच हजार ४१० जना महिला कामदार रहेका छन् । यसैगरी मंसिरमा आठ हजार ७८० जना अर्धदक्ष, ४७० जना व्यावसायिक र १०२ जना विशेष दक्षता भएका कामदार विभिन्न मुलुकमा प्रस्थान गरेका छन् ।

उक्त महिनामा रोजगारीका लागि विदेसिनेको कूल संख्या ८४ हजार २२६ जना रहेका छन् । यो संख्यामा नयाँ र पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विदेसिनेहरू समेटिएका छन् । विभागको तथ्यांकअनुसार मंसिरमा नयाँ श्रम स्वीकृति लिनेको संख्या ४२ हजार ९०६ रहेको छ । जसमा महिलाको संख्या पाँच हजार ६१० र बाँकी पुरुष छन् । कूल श्रम स्वीकृति लिएकामध्ये महिलाको संख्या आठ हजार ६७१ र पुरुष ७५ हजार ५५५ रहेको छ ।

मंसिरमा विदेसिएकामध्ये व्यक्तिगत श्रम स्वीकृति लिएर जानेको संख्या बढी देखिएको छ । यस महिनामा व्यक्तिगत श्रम स्वीकृति लिएर ५४ हजार ३७९ जना गएका छन् । जसमा पुनः श्रम स्वीकृति लिने ४१ हजार ३२० र नयाँ १३ हजार ५९ जना रहेको विभागले जनाएको छ । यस्तै २८ हजार ८६८ जना म्यानपावर कम्पनीमार्फत श्रम स्वीकृति लिएर गएका छन् ।

क्रमशः पृष्ठ २ मा

## विदेश पठाइदिन्छु भनी ठगी गरेको अभियोगमा पक्राउ

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारमा आकर्षक तलबको प्रलोभनमा पारी ठगी गर्ने क्रम रोक्न राज्य संयन्त्र असफल बनेको छ । नेपाल प्रहरीले वैदेशिक रोजगारसम्बन्धी ठगीमा संलग्न रहेको भन्दै दिनहुँ आरोपितलाई पक्राउ गर्दै आएका घटनाले नै यो पुष्टि हुन्छ । विभिन्न देश पठाइदिने बहानामा रकम ठगी गरेको भन्दै प्रहरीले दैनिक केही व्यक्तिहरूलाई पक्राउ गर्दै आएको छ ।

यही अभियोगमा मंगलबार प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरी प्रधान कार्यालयले बुधबार जारी गरेको बुलेटिनमा आकर्षक तलबको प्रलोभन देखाई विभिन्न देशमा पठाउने नाममा रकम ठगी गरेको अभियोगमा ती दुई व्यक्तिलाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ कर्थलीका रमेश खड्का र नुवाकोटको बिदुर नगरपालिका-३ का पुन्यवती जोशी रहेका छन् । हाल भने खड्का नयाँबानेश्वर र जोशी कलंकी बस्दै आएका छन् ।

खड्काले सर्बिया पठाइदिन्छु भन्दै एक जना पीडितबाट चार लाख रूपैयाँ र जोशीले अमेरिका पठाइदिन्छु भन्दै एक जना पीडितबाट दुई लाख १७ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले खड्कालाई काठमाडौं महानगरपालिका-९ बाट र जोशीलाई कलंकीबाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरीले जनाएको छ ।




## पृष्ठ १ बाट क्रमशः

# रावलको सदस्यता...

स्थायी समिति सदस्य पाण्डे र केन्द्रीय सदस्य तिम्सिनाले भने पार्टी केन्द्रीय कार्यालय निर्माणको विरुद्धमा सार्वजनिकरूपमा टिप्पणी गरिएकोप्रति स्पष्टीकरण सोधिँदा गल्ती भएको भनेर 'रियलाइज' नगरेको ज्ञवालीले बताए । त्यही भएर दुई जनालाई नै पदीय जिम्मेवारीबाट निलम्बन गर्नुपरेको तर्क गरे ।

निष्कासनमा परेका नेता रावलले कारबाहीलाई अध्यक्ष ओलीको निरंकुश, स्वेच्छाचारी, तानाशाही र चरित्रको उपज भएको टिप्पणी गरे । ओलीले आफूलाई बाघ घोषित गर्दै सबैले ममाथि निष्ठा राख्नुपर्छ, कसैले सत्यतथ्य बोल्न पाइँदैन, जिल्ला नगरदेखि लिएर प्रदेशसम्मकै उम्मेदवार हुन चाहने वा पार्टीको नेता हुन चाहनेले माथिबाट तोकेअनुसार गर्नुपर्छ या कुनै कार्यकर्ताको स्वतन्त्र विवेक रहनु हुँदैन भन्दै ओली प्रवृत्तिले सिर्जित समस्या पनि भएको बताए ।

उनले प्रभावसँग भने, 'मैले देशको पक्षमा, जनताको पक्षमा, पार्टीको घोषित नीतिको पक्षमा आवाज उठाउँदै, त्यसको विपरीत जानु हुँदैन, पार्टी भनेको संविधानमा टेकेर निश्चित विचारधारा, कार्यक्रम, नीति र दर्शनको आधारमा चल्नुपर्छ भन्दै आएँ । त्यसको उल्लंघन गर्न पाइँदैन । बाह्य शक्तिसामु लम्पसार पर्ने र निहीत स्वार्थका लागि राजनीतिलाई व्यवसाय बनाउने काम गर्नुहुँदैन भनेर आवाज उठाएँ । यो केपी ओलीका लागि असह्य हुँदै आएको थियो ।' उनले पार्टीबाट हटाइए पनि आफू देश र जनताको हितमा राख्दै आएका अडानहरू र देशप्रतिको झण्डा बोकिरहने काममा अविचलित रहेको बताए ।

निलम्बित नेता डा. पाण्डेले त पार्टी कार्यालय एमाले आफैंले निर्माण गर्ने भन्दै पहिल्यै निर्णय गरेको अवस्थामा अब पनि एमाले नै निर्माण गर्नुपर्छ भन्दा गल्ती नहुने बताइन् । उनले गल्ती आफ्नो नभएपछि रियलाइज गर्नुपर्ने केही नभएको बताइन् । 'मैले जे भनेँ त्यसमा कुनै करेक्सन गर्नुपर्ने छैन । सत्य बोल्दा गल्ती बोलेछु भनेर रियलाइज गर्ने कुरा होइन र गर्दिनँ,' उनले भनिन् ।

केन्द्रीय सदस्य तिम्सिनाले त निरंकुश पञ्चायती शासन व्यवस्थाविरुद्ध लडेका नेतृत्वबाट त्यस्तै कदम चाल्नु स्वाभाविक मान्न नसकिएको प्रतिक्रिया दिइन् । उनले पार्टीमा लोकतन्त्र जीवित छ कि मर्‍यो ? प्रश्न गर्नुपर्ने अवस्था आएको बताइन् ।

पार्टी कार्यालयका लागि प्राप्त जग्गाकै विषयमा फरक मत राख्दा एमालेले गत ११ मंसिरमा लुम्बिनी प्रदेश सांसद दुर्गा चौधरीलाई पार्टी सदस्यबाट लिनम्बन गरेको थियो । पार्टीलाई हानि नोक्सानी पुर्‍याउने मनसाय राखेर गालीगलौज गर्ने, सामाजिक सञ्जालमा लेख्नेलगायत गतिविधि गरेको भन्दै चौधरीलाई निलम्बन गरिएको थियो । उनी बाँके-१ को (ख) बाट निर्वाचित भएका हुन् । उनी पूर्वमन्त्रीसमेत हुन् । तर, रावल, पाण्डे र तिम्सिनाले जसरी विरोध गर्दा उनी पनि निलम्बित हुनुपर्‍यो ।

एमालेले पछिल्ला दिनमा पार्टीमा फरक विचार राख्ने नेतालाई किनारा लगाउने अघोषित नीति लिएको राजनीतिक वृत्तमा चर्चा छ । नभन्दै सानातिना विषयमा नेताहरूमाथि अनुशासनको नाममा चलाइने डण्डाले त्यसलाई पुष्टि गर्ने देखिन्छ । फरक मतलाई अध्यक्ष ओलीले पूर्णतः निषेध गरेको एमालेकै एक केन्द्रीय सदस्यले बताए । 'उहाँ (अध्यक्ष)को कुरामा विमति राखियो भने राजनीति सकियो भनेर बुझ्दा हुन्छ । त्यही भएर कि ढोगेर जिम्मेवारी लिने कि गलत कामै गरे पनि ठीक गर्नुभयो भनियो भने राजनीति जोगियो,' ती नेताले बताए । उनका अनुसार पार्टीमा हुर्किएको यस्तो गलत प्रवृत्तिविरुद्ध बोल्न आँटिला नेता छैनन् । यसले एमालेमा लोकतन्त्र विस्थापित भएर ओलीतन्त्र स्थापित भएको उनको टिप्पणी छ ।

■■■

# एमालेमा भीम...

२०५६ सालमा अछामबाट सांसदको निर्वाचनमा पराजित भएका उनी २०६४ सालमा संविधानसभा निर्वाचनमा समानुपातिकतर्फका सदस्य भए । २०६६ देखि २०६८ सालसम्म गृहमन्त्री बने । २०७२ सालमा उपप्रधान तथा रक्षामन्त्री । २०७० सालमा अछामबाट निर्वाचित सांसद रावल २०७४ मा पनि निर्वाचित भएका थिए । २०७९ मा भने उनले एमालेबाट टिकट पाएनन् । ओलीले उनको निर्वाचन क्षेत्रमा झपट रावललाई टिकट दिएका थिए ।

### ओलीको निशानमा किन परे रावल ?

खनाल मालेको तर्फबाटै मन्त्री बनेपछि विद्यार्थी राजनीतिमा लागेका रावल पनि मन्त्रीसँग साँठगाँठ बढाउन थाले । त्यसपछि २०६५ मा एमालेको आठौं महाधिवेशनमा रावल पार्टीको उपाध्यक्ष पदमा उम्मेदवारी दिए । त्यतिबेला उनी पराजित बने । खनाल गुटमा रहेको रावल त्यतिबेला पदाधिकारी नपाएपछि केपी गुटमा प्रवेश गरी उपाध्यक्षमा भिडेका थिए ।

बुटवलमा भएको अधिवेशनमा ओलीले अशोक राई, विद्या भण्डारी र रावललाई आफ्नो गुटको उपाध्यक्षका उम्मेदवार बनाएका थिए । राई र भण्डारी निर्वाचित हुँदा रावलको विपक्षमा उम्मेदवारी दिएका वामदेव गौतम विजयी भए । गौतम खनाल गुटबाट उम्मेदवार थिए ।

पछि रावल माधवकुमार नेपालको सरकारमा २०६६ मा गृहमन्त्री बने । योसँगै रावल थप शक्तिशाली बने । गृहमन्त्री बनेपछि पार्टीमा शक्ति आर्जन गरेका रावल २०७१ सालमा भएको नवौं राष्ट्रिय महाविधेशनमा अधिक मत ल्याएर उपाध्यक्षमा निर्वाचित भए । अध्यक्षमा भने ओली निर्वाचित भए । रावल माधव गुटबाट उपाध्यक्ष बने पनि दुई जनाको काम गराइको टचुनिङ मिल्थ्यो त्यतिबेला ।

त्यसपछि रावल थप बलियो बने पार्टीमा । ओली पहिलोपटक प्रधानमन्त्री हुँदा २०७२ मा गुट व्यवस्थापनमा रावलले उपप्रधान तथा रक्षामन्त्री पाए । यद्यपि माओवादीसँग पार्टी एकता हुँदा ओलीले उनलाई सचिवालयमै समेटेनन् । अझ पार्टीको उपमहासचिव रहेको विष्णु पौडेललाई नेकपाको महासचिव दिए ।

त्यसपछि भने रावलको लागि ओलीले बालकोट र बालुवाटार बन्द गरिदिए । निर्वाचनपछि पनि सरकारमा सहभागी बन्न पाएनन् रावल । रावल पनि के कम ? ओलीले संसद् भंग गरेको विषयलाई लिएर माधव नेपाल, झलनाथ खनाल र पुष्पकमल दाहाल एकै ठाउँ उभिएर कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनिदिन आग्रह गर्न पुग्दा रावलले पनि सहीछाप लगाएका थिए ।

निर्वाचन आयोगले एमाले र माओवादी एकीकरण खारेज गरेर पूर्वएमाले र पूर्वमाओवादी समूहमा छुट्याइदिएपछि रावलले ओलीलाई सदनमा सोधेका थिए, 'प्रधानमन्त्रीको पार्टी कुन हो ?'

त्यतिबेलो ओलीले संसद्बाट विश्वासको मत लिनुअघि रावललाई बालुवाटार बोलाए । ओलीले भेटेपछि रावलसहितका नेता विश्वासको मत लिने दिन संसद्मा अनुपस्थित भए । जबकि एमालेको माधव समूहले ओलीविरूद्ध मतदान गर्ने निर्णय गरेको थियो ।

यतिमात्र होइन, ओलीसँग कुराकानी भएपछि रावल देउवाले विश्वासको मत माग्दा अनुपस्थित भए । सांसद् पदबाट राजीनामा दिन लाग्दा ओलीले फिर्ता लिन लगाए । माधव नेपालले एमाले विभाजन गरेर एकीकृत समाजवादी पार्टी बनाउँदा रावल एमालेमै बसेका थिए । रावलसहित १० स्थायी समिति सदस्यले एमालेमै बस्ने निर्णय गर्दा ओलीसँग १० बुँदे सहमति गरेका थिए । उक्त सहमतिअनुसार एमाले माओवादीसँगको एकताभन्दा पहिलेको अवस्थामा आउनुपर्ने थियो । रावल नेकपा एमालेको सुदूरपश्चिम इन्चार्ज हुने थिए । तर ओलीले लेखराज भट्टलाई नै इन्चार्ज बनाइराखे ।

सुदूरपश्चिम प्रदेशको इन्चार्ज नपाएपछि रावल ओलीसँग बिच्किए । पछि एमालेको १० औं महाविधेशन भयो चितवनको सौराहामा । २०७८ मंसिरमा भएको महाविधेशनमा ओलीविरुद्ध अध्यक्षमा उम्मेदवारी दिने एक्ला नेता थिए रावल । त्यतिबेला ओलीले १८३७ मत ल्याउँदा रावलले २२३ मत पाएका थिए । उनको पक्षमा लागेको भन्दै अर्का नेता घनश्याम भुसाल अहिले नेपाल नेतृत्वको एकीकृत समाजवादीका महासचिव बनेका छन् ।

सौराहा महाधिवेशनमा ओली पक्षधरले रावल, भुसाल, खुला सचिवका उम्मेदवार टंकप्रसाद कार्की र भीमप्रसाद आचार्यलाई भोट नहाल्न भन्दै 'भोट नहाल्ने नामावली' सूचीको पर्चा बाँडिएको थियो । पछि रावलको क्षेत्रमा माओवादीबाट प्रवेश गरी नेकपा फुट्दा पनि एमालेमै बसेका लेखराज भट्टलाई इन्चार्ज बनाए । पछिल्ला दिनहरूमा ओलीले रावललाई एकोहोरो पेलेपछि रावल निस्क्रिय बसेका थिए । बेलाबेला उनी आफूलाई एमालेबाट निकाल्न चुनौती दिन्थे । सायद यही चुनौतीले होला एमालेले बुधबार रावललाई पार्टीको संगठित सदस्यबाटै हटाइदियो ।

■■■

# मंसिरमा विदेसिएका...

जिटुजी प्रक्रियाबाट ९७९ जना रोजगारीका लागि विदेश गएको तथ्यांक छ ।

मंसिर महिनामा कूल १०० देशमा रोजगारीका लागि नेपालीहरूले गन्तव्य बनाएको देखिन्छ । जसमध्ये सबैभन्दा बढी युएईमा २४ हजार ७६९ जना पुगेका छन् । युएईपछि साउदीमा १८ हजार ११५ जना रोजगारीका लागि गएको विभागको तथ्यांकमा उल्लेख छ । यस्तै कतारमा १४ हजार ८४४, कुवेतमा छ हजार ६९० तथा मलेसियामा चार हजार ४६९ जना रोजगारीका लागि गएको विभागले जनाएको छ । धेरै कामदार जाने मुलुकको शीर्ष १० भित्र जापान, रोमानिया, क्रोएसिया, बहराइन र दक्षिण कोरिया परेका छन् ।


## मूल्य सूचीको सूचना !

यस **रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा.लि.**बाट उत्पादित निम्न स्प्रीट तथा ई.एन.ए.मिति २०८१/०९/११ गतेदेखि कारखाना रेट (Ex-Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीका लागि यो **मूल्य सूची** प्रकाशित गरिएको छ । यस मूल्यमा अन्तःशूल्क तथा मु.अ.कर समावेश छैन ।

१. Rectified spirit (Rs) प्रतिलिटर रु.१०५/-
२. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु.११८/-
३. Denature Spirit (DS) प्रतिलिटर रु.१०/-

**रिलायन्स सुगर एण्ड केमिकल ईण्डष्ट्रिज प्रा. लि.**
कलैया उपमहानगरपालिका वडा नं.२४, बारा



कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
**स्वास्थ्य सेवा कार्यालय**
मान्म, कालिकोट

## औषधी खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र पेश गर्ने बारे सूचना

सूचना प्रकाशित मिति: २०८१।०९।११

स्वास्थ्य सेवा कार्यालय, कालिकोटको लागि चालु आ.व.मा निशुल्क र सशुल्क प्रदान गरिने औषधी खरिद तथा आपूर्तीका लागि सिलबन्दी दरभाउपत्र आव्हान भएको हुँदा इच्छुक फर्म, कम्पनीलाई अनलाईन माध्यमबाट दरभाउपत्र पेश गर्न हुन जानकारी गरिन्छ । साथै दरभाउपत्र सम्बन्धी सम्पूर्ण जानकारी www.bolpatra.gov.np मा गएर हेर्न र भर्न सकिनेछ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभसाइट hsokalikot.karnali.gov.np मा समेत हेर्न सकिनेछ ।



## साउदीमा रोजगार

कम्पनी : DIAA ALWAN PRINTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 315967 चलानी नं.६०२३०२३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assembly Worker | 2 | 0 | 1500 | ५४,३४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १०१५/०६८/६९
**G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.**
Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com



## युएइमा रोजगार

कम्पनी : AL MUSHEER TAILORING LLC

पूर्व स्वीकृति मिति : २०८०/०१/३१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१० LT. No. 285976 चलानी नं. ६०२०१३९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 50 | 0 | 1300 | ४८,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४
**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा रोजगार

कम्पनी : IMDAD CONTRACTING ACTIVITIES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 315979 चलानी नं. ६०२३०२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६५,२११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Alfarooque Overseas Pvt .Ltd.**
Basundhara, (Infront of police station), Kathamandu, Nepal, Contact: 01- 4961373,
9843653970, 9851279430, E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com
श्रम इजाजत नं: १२६०/०७४/७५



## ओमनमा रोजगार

कम्पनी : MODERN ROSES GARDEN

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ LT. No. 315927 चलानी नं. ६०२३०२२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COFFEE MAKER/COFFEE PROVIDER | 1 | 0 | 165 | ५८,३६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



**Belaka Municipality**
**Office of Municipal Executive**
**Rampur, Udayapur**

## Invitation for Bids

**First Date of Publication: 26th December, 2024 (2081.09.11 B.S.)**

Belaka Municipality, Rampur, Udayapur invites electronic bids from eligible bidders for the following construction works.

| Contract Identification Number | Description of Work/Goods | Estimated cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount (NRs.) | Submission and Opening: Submission | Submission and Opening: Opening | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|---|
| 05/BELAKA/NCB/W/2081-082 | Construction and Upgrading of Setikhola Ring Road. | 1,47,57,455.71 | 4,25,000 | 26-01-2025 12:00 | 26-01-2025 13:00 | 3,000 |

For more detail may visit www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, ११ पुस, २०८१

| | |
|---|---|
| **मेष** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **वृष** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **मिथुन** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कर्कट** | अरूको करकापमा काम गर्न बाध्य । |
| **सिंह** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **कन्या** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **तुला** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **वृश्चिक** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **धनु** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मकर** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **कुम्भ** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **मीन** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

११ पुस, २०८१ (२६ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३५.४९ | १३६.०९ |
| युरो | १ को | १४२.१३ | १४२.७६ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.४० | १७२.१६ |
| स्विस फ्रैन्क | १ को | १५१.८६ | १५२.५३ |
| अस्ट्रेलियन डलर | १ को | ८६.०८ | ८६.४६ |
| क्यानाडियन डलर | १ को | ९५.१४ | ९५.५६ |
| सिङ्गापुर डलर | १ को | १००.३६ | १००.८० |
| जापानी येन | १० को | ८.८१ | ८.८५ |
| चिनियाँ युआन | १ को | १८.६० | १८.६८ |
| साउदी अरब रियाल | १ को | ३६.०७ | ३६.२२ |
| कतारी रियाल | १ को | ३७.१७ | ३७.३३ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.८९ | ३७.०५ |
| मलेसियन रिङेट | १ को | ३०.४३ | ३०.५६ |
| दक्षिण कोरियन वन | १०० को | ९.४४ | ९.४८ |
| स्विडिस क्रोनर | १ को | १२.३६ | १२.४१ |
| डेनिस क्रोनर | १ को | १९.०६ | १९.१४ |
| हङकङ डलर | १ को | १७.४३ | १७.५० |
| कुवेती दिनार | १ को | ४४०.२० | ४४२.१५ |
| बहराइन दिनार | १ को | ३५९.२० | ३६०.७९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**चिसोको कहर** | ताप्लेजुङमा अवस्थित पाथीभरा जाने सुकेटार–काफ्लेपाटी सडक खण्डमा काम गरिरहेका मजदुर जाडो बढेपछि आगो बालेर ताप्दै ।
*तस्बिरः सन्तोष पुर्कुटी/रासस*

# खानेपानी मन्त्रालयको तयारीः बाह्रै महिना शुद्ध खानेपानी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** खानेपानीमन्त्री प्रदीप यादवले काठमाडौंवासीलाई बाह्रै महिना मेलम्चीको शुद्ध, सफा खानेपानी उपलब्ध गराउने वातावरण तयार गर्न मन्त्रालयले पहल गरिरहेको बताएका छन् । मन्त्रालयका कर्मचारी तथा पदाधिकारीसँग बुधबार भएको छलफलमा मन्त्री यादवले काठमाडौं उपत्यकामा चौबीसै घण्टा मेलम्चीको शुद्ध खानेपानी उपलब्ध गराउने गरी काम गर्नुपर्नेमा जोड दिए ।

'नागरिकल महसुस गर्नेगरी काम अगाडि बढाऔं, मन्त्रालयबाट आवश्यक सहयोग र समन्वय हुनेछ, अधुरा कामलाई तीव्र रूपमा सम्पन्न गर्नुपर्छ,' उनले भने, 'काठमाडौंवासीले बाह्रै महिना शुद्ध र सफा खानेपानी पाउनुपर्छ, सोहीअनुसार वातावरण तयार गरौं ।'

मन्त्री यादवले मेलम्चीको खानेपानी काठमाडौं उपत्यकामा ल्याउने विषयमा सिन्धुपाल्चोकको हेलम्बुबासीका साथै त्यहाँका संघर्ष समिति र मन्त्रालयबीचमा भएको सहमति कार्यान्वयनका लागि आवश्यक पहल गर्न मन्त्रालयका पदाधिकारीलाई निर्देशन दिए । उनले भने, 'नागरिकका समस्या समाधान गर्नु हाम्रो दायित्व हो, काठमाडौंमा मेलम्चीको पानी ल्याउने समयमा हेलम्बुका नागरिकसँग विगतमा भएका सहमति कार्यान्वयनका लागि आवश्यक पहल गर्नुपर्छ ।'

जनतालाई स्वच्छ, सफा पानी वितरण गर्नु मन्त्रालयको पहिलो प्राथमिकतामा रहेको बताउँदै मन्त्री यादवले यसका लागि मन्त्रालयले योजनाबद्धरूपमा काम गरिरहेको उल्लेख गरे । साथै आवश्यकता अनुसार सम्बन्धित मन्त्रालय र अन्य सरोकार भएका निकायसँग पनि छलफल गरी काम गरिरहेको उनले बताए ।




गत असोज ११ गतेदेखि आएको बाढीबाट क्षतिग्रस्त ललितपुरको धोबीघाट फोहोर पानी प्रशोधन केन्द्र यथाशीघ्र सञ्चालनमा ल्याउन मन्त्री यादवले निर्देशन दिए । उनले उपत्यका खानेपानी लिमिटेडको आयोजना कार्यान्वयन निर्देशनालयसहित मातहतका निकायलाई बाढीका कारण क्षति पुगेको उक्त केन्द्र यथाशीघ्र मर्मत गरी सञ्चालन ल्याउन निर्देशन दिएका हुन् ।

उनले भने, 'खानेपानीका चुहावट भएका पाइप मर्मत गरौं, अत्यावश्यक रूपमा रहेको धोबीघाट फोहोर पानी प्रशोधन केन्द्र यथाशीघ्र सञ्चालनमा ल्याऔं ।' मन्त्री यादवले खानेपानीको समस्या उत्पन्न भएका ठाउँमा तत्काल जनशक्ति खटाएर समस्या समाधान गर्न मातहतका सबै निकायलाई आग्रह गरे । उनले भने, 'पानीको समस्याका विषयमा गुनासो आएका ठाउँमा तत्काल थप जनशक्ति परिचालन गरी समस्या समाधान गर्नुहोला ।'

ललितपुरको धोबीघाटस्थित प्रशोधन केन्द्र निर्माण अन्तिम चरणमा पुगेर हस्तान्तरण गर्ने तयारी भएकामा गत असोज ११ गते आएको बाढीले त्यहाँ रहेका भौतिक संरचना तथा उपकरणमा क्षति पुर्‍याएको काठमाडौं उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का प्रशासन प्रमुख राजेन्द्रबहादुर बमले जानकारी दिए ।

उनले भने, 'धोबीघाटमा निर्माणाधीन प्रशोधन केन्द्र अन्तिम चरणमा पुगेर हस्तान्तरण गर्ने तयारीमा थियो । असोजमा आएको बाढीले संरचना र उपकरणका क्षति पुर्‍याउँदा अहिले समस्या भएको हो ।'

# चिसो मौसममा 'मर्निङ वाक' सबेरैभन्दा अबेर उपयुक्त



■ **प्रगति ढकाल**

**काठमाडौं–** के तपाईंको एकाबिहानै 'वाक' गर्ने बानी छ ? बिहान झिस्मिसेमै वाकका लागि निस्कने गर्नुभएको छ भने तालिका परिवर्तन गर्नुहोस् । किनभने चिसोयाममा पहिलो प्रहरमै वाकमा निस्कँदा स्वास्थ्यका लागि बढी हानि हुनसक्ने विज्ञहरूको भनाइ छ ।

गर्मीयामको तुलनामा चिसोयाममा हावामा प्रदूषण बढी हुन्छ । घाम नलाग्दासम्म चिसो हावा जमिनमै जमेको हुन्छ । त्यसैले एकाबिहानैको हावा बढी प्रदूषित हुने सम्भावना बढी हुने भएकाले विज्ञहरूले घाम लागेपछि मात्रै वाक गर्दा उपयुक्त हुने सुझाव दिएका छन् । चिसो हावामा धूलो, धुँवा र कार्बन कणलगायतका प्रदूषण तैरिन नसकी जमिनकै सतहमै रहेका हुन्छन् ।

वातावरणविद् भूषण तुलाधारले गर्मीयामको तुलनामा जाडोयाममा बिहान सामान्य अवस्थामा जमिनमा रहने चिसो हावा बढी प्रदूषित हुने गरेको बताए । 'जाडोयाममा बिहान सबेरैभन्दा पनि घाम लागेपछि नै बाहिर निस्कदा स्वास्थ्यका लागि राम्रो हुन्छ, घाम लागेपछि तातो हावा माथि जान थाल्छ र जमिनको हावामा प्रदूषण कम हुन्छ,' उनले भने, 'विशेषगरी रातको समयमा जमिनको सतह छिटो चिसो हुन्छ, चिसो हावा तत्कालै माथि जान सक्दैन, जसले गर्दा जमिनको हावा प्रदूषित भइरहेको हुन्छ ।'

तुलाधारका अनुसार काठमाडौं जस्तो उपत्यकामा हावा बाहिर निस्किन अझ कठिन भएकाले पनि जाडोको समयमा प्रदूषण बढ्छ । सर्वसाधरणहरूले पनि चिसो मौसममा फोहोर जलाउने, घर तताउन तथा खाना पकाउन जैविक इन्धन (दाउरा, कोइला) र तरल पेट्रोलियम ग्यासको प्रयोग बढी गर्ने र ग्रामीण क्षेत्रमा अझै पनि परम्परागत दाउराको प्रयोग हुने गरेकाले प्रदूषण हुने गति तीव्र हुन्छ ।

'राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ५१ प्रतिशतले अझै दाउरा र तीन प्रतिशतले गुइठा बाल्छन् । घरभित्रको प्रदूषणबाट महिला तथा बालबालिका बढी प्रभावित भइरहेका छन्,' तुलाधारले भने, 'नेपालमा वार्षिक ४८ हजार ५०० जनाको मृत्यु वायु प्रदूषणबाट हुने गरेको पछिल्लो अध्ययनले देखाएको छ ।'

सहरमा सवारीसाधनको इन्धन दहनको क्षमता जाडोयाममा घट्ने र यसले बढी कार्बन मोनोअक्साइड र नाइट्रोजन अक्साइड उत्सर्जित गर्दा पनि प्रदूषण बढ्ने विज्ञहरूको भनाइ छ । 'जाडोको समयमा ग्रामीण क्षेत्रमा पराल र अन्य जैविक फोहोर जलाइन्छ । आगो ताप्नका लागि पनि प्लास्टिक तथा अन्य वस्तुहरू बालिन्छ, यसले वायुमण्डलमा सूक्ष्म कणहरू अन्य हानिकारक ग्यासहरू बढाउँछ,' तुलाधारले भने, 'इँटाभट्टा, ऊर्जा उत्पादन गर्ने कोइलाजन्य उद्योग, र सिमेन्ट उद्योगहरूले जाडोयाममा उत्पादन कायम राख्छन् । धुवाँ र प्रदूषक उत्सर्जन बढ्ने भएकाले जाडोयाममा प्रदूषण तीव्र हुन्छ । अझै माघ महिनापछि इँट्टा उद्योग सञ्चालनमा आउनाले प्रदूषण झनै बढ्छ ।'

वातावरण अभियन्ता वर्षा पराजुलीले जाडोमा बिहानको समयमा बढी चिसो हुने र बढी तुवाँलोका कारण प्रदूषणका कणहरू जमिनकै सतहमा रहँदा वातावरण थप प्रदूषित हुने गरेको बताइन् । जलवायुविद् मञ्जित ढकालले प्रदूषणको स्रोत नै सवारीसाधनबाट निस्कने धुँवा भएको उल्लेख गर्दै समस्या समाधान गर्न सके जलवायु परिवर्तनको कारक तत्त्वका रूपमा रहेको कार्बन उत्सर्जन न्यूनीकरणमा सहयोग पुग्ने बताए ।

## मुटुरोगीलाई बढी असर

मुटुरोग विशेषज्ञ डा. रञ्जित शर्मा जाडोयाममा घाम लाग्नुअघि बढी प्रदूषण हुने भएकाले यसबाट मुटुरोगीलाई बढी असर गर्ने बताउँछन् । 'प्रदूषणले जुनसुकै बेलामा पनि असर गर्ने भयो, तर बिहानको समयमा बढी असर गर्नसक्छ, विशेषगरी मुटुसम्बन्धी रोगीहरू घरबाहिर निस्कँदा विशेष ध्यान दिनुपर्छ,' उनले भने । मुटु, रक्तचाप, मधुमेह, उच्च कोलस्ट्रोल, दीर्घरोगी, दमबाट पीडितले सकेसम्म बिहान अबेरमात्रै व्यायाम गर्नुपर्ने उनको सुझाव छ ।

उनका अनुसार जाडोयाममा शरीरमा विभिन्न किसिमका हर्मोनको मात्रा वृद्धि हुने भएकाले रगतको भिस्कोसिटी (बाक्लोपना) बढ्ने र रक्तनली खुम्चने हुन्छ । यसले रक्तप्रवाह असामान्य भई मुटुमा अक्सिजनको कमी हुनसक्छ । मुटुले सामान्य अवस्थामाभन्दा बढी काम गर्नुपर्छ, जसले रक्तनलीमा रगत जमेर हृदयघात र मस्तिष्कघातसमेत हुनसक्ने डा. शर्माको भनाइ छ । 'चिसोमा बाहिर निस्कनुपर्दा पर्दा बाक्लो लुगा लगाउने, माक्स लगाउने गरौं, सकेसम्म घाम लागेपछि मात्रै घरबाहिर निस्कँदा उपयुक्त हुन्छ,' उनले भने ।

जनस्वास्थ्यविद् डा. समिर अधिकारीले बढ्दो वायू प्रदूषणले मानिसको श्वासप्रश्वासमा समस्या आउने, रुघाखोकी लाग्ने, दम बढाउने, फोक्सोको क्यान्सर, उच्च रक्तचाप, पक्षघात, हृदयघातजस्ता स्वस्थ्यमा गम्भीर असर गर्ने भएकाले सतर्कता अपनाउन सुझाव दिएका छन् । *रासस*

प्रदेश सरकार
पर्यटन वन तथा वातावरण मन्त्रालय
पर्यटन विकास आयोजना
कोशी प्रदेश
विराटनगर,मोरंग

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा**

प्रकाशित मिति (२०८१-०९-११)

पर्यटन बिकास आयोजना, बिराटनगरबाट "सोर्य दैनिक" मा मिति २०८१-०६-२३ मा ठेक्का नं. NCB/081/082/TDP/02 को आधारमा तालिकाबद्ध भए बमोजिमको ठेक्का नं. तर्फ रित पूर्बक दर्ता हुन आएका बोलपत्रहरु नियमानुसार प्राबिधिक मुल्यांकन गरिदा सारभूतरुपमा प्रभाबग्राही देखिन आएका तालिका बमोजिमको बोलपत्रदाताको प्राबिधिक प्रस्ताब स्वीकृत भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१ उपनियम (ज) को दफा ५ बमोजिम आर्थिक प्रस्ताव तपसिल बमोजिमको मिति, समय र स्थान मा खोलिने भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

| सि.नं. | प्याकेज नं. | प्राबिधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थान |
|---|---|---|---|
| १. | NCB/081-082/TDP02 | १.बिशाल /युनिक जे.भी.,काठमाण्डौ | मिति : २०८१-०९-१८<br>समय : दिनको ११.००बजे<br>स्थान : पर्यटन बिकास आयोजना, बिराटनगर |

आयोजना प्रमुख

Government of Nepal (GoN)
Ministry of Urban Development
Department of Urban Development and Building Construction
Project Office of Urban Development and Building Construction
Manthali, Ramechhap

**LETTER OF INTENT**

Date of publication: 2081/09/11

This is to notify all concerned bidders our intention to award the contract for the following projects to the corresponding substantially responsive lowest evaluated bidder. This notice is published as per the provision stipulated in Public Procurement Act 2063, clause 27, sub-clause (2) and (3) and clause 47.

| IFB No. | Project Description | Name and address of the bidder | Bid Amount (including PS and VAT) |
|---|---|---|---|
| PUDBC/RAMECHHAP/ NCB/WORKS-05/081/82 | Upgrading of Sola Bhanjyang-Rampur Road at Ghyanglekh Rural Municipality, Sindhuli | Marin Thakur Engineering and Construction Pvt. Ltd., Kamalamai -6, Sindhuli | NRs. 60,51,078.28 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-06/081/82 | Upgrading of Road from Aapchaur to Marin Rural Municipality-3,4,5 and Hariharpurgadhi-2 & 5 at Kamalamai Municipality-01, Sindhuli | Menuka Shrestha Suppliers & Bhadrakali Nirman Sewa, Kamalamai-4, Sindhuli | NRs. 52,42,307.65 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-07/081/82 | Upgrading of Chaurahi-Pulami Tole Road at Kamalamai Municipality-01, Sindhuli | P.T.R Construction, Suryabinayak-9, Bhaktapur | NRs. 55,37,964.73 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-08/081/82 | Upgrading of Harihapurgadhi-Gurji-Chisapani-Kavre Kalghunga Road at Hariharpurgadhi Rural Municipality, Sindhuli | Marin Thakur Engineering and Construction Pvt. Ltd., Kamalamai -6, Sindhuli | NRs. 63,26,285.22 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-09/081/82 | Upgrading of Kailashnagar and Magartole Road at Kamalamai Municipality-06, Sindhuli | Gauri Shankar International Nirman Sewa Pvt.Ltd., Kamalamai -5, Sindhuli | NRs. 64,73,944.82 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-10/081/82 | Upgrading of Kisetar-Jure-Nyaule-Deurali-Chitre-Kaule Road at Dudhauli Municipality-13 & 14, Sindhuli | Saala Bhena Construction Pvt. Ltd., Valuwai -2, Dudhauli Municipality, Sindhuli | NRs. 65,50,315.11 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-11/081/82 | Upgrading of Kokti-Patiyani-Dudhauli Bajar Road at Dudhauli Municipality-10 & 9, Sindhuli | Arunthakur Nirman Sewa Pvt. Ltd., Dudhauli-10, Sindhuli | NRs. 45,94,684.41 |
| PUDBC/RAMECHHAP/ NCB/WORKS-12/081/82 | Conservation and Infrastructure development works at Historical Duguna Gadhi, Bhotekoshi RM-03, Sindhupalchok | Satkanya Satidevi Construction, Sindhupalchok | NRs. 70,10,269.944 |

*Project Chief*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संघीय निजामती कानुन ल्याउन अलमल

**संघीय संविधान जारी भएको नौ वर्ष कटिसक्यो । यो अवधिमा दुई–दुई पटक संघीय निर्वाचन पनि भयो । संविधानअनुसार कानुन बनाउन निर्वाचित भएका जनप्रतिनिधिले भने अझैसम्म संघीय निजामती कानुन बनाउने विषयको टुंगो लगाउने छाँट देखाउन सकेको छैन । अझ यस विषयको कानुन संशोधनका लागि ल्याएको विधेयक नै खोटपूर्ण देखिएको छ । पूर्वप्रशासकहरुलाई समेत झिजो लाग्नेगरी प्रतिनिधिसभाले पठाएको विधेयक पुरानै कानुनको प्रतिलिपिमात्रै देखिन्छ ।**

**कतिसम्म भने एकात्मक शासन व्यवस्थाको नेतृत्व गरेका पूर्वसचिवहरुले यो विधेयकमा राणा शासनको धङधडी देखे । प्रतिनिधिसभा मुलुक सञ्चालनका लागि आवश्यक कानुन निर्माण गर्ने थलो हो । सदनमा जनताका दैनिक समस्या राख्नुपर्ने भएकोले यस्ता विषयलाई संशोधन र गहनरूपमा छलफल गर्न संसदीय समिति गठन गरिएको हुन्छ ।**

**अझ छिटो काम गर्न संसदीय समितिले उपसमिति बनाएर काम गर्न सक्ने व्यवस्थासमेत गरेको छ । तर संसदीय समितिको काम हेर्ने हो भने 'चलेगा' शैलीमा भइरहेको छ । विज्ञहरु बिचौलियाको भाषा बोलिदिन्छन् भने संसदीय समितिका सभापतिहरु औपचारिकता पूरा गरेर छलफल सकाउँछन् । सांसदहरु भत्ता बुझ्छन्, विषयवस्तु बुझ्दैनन् । जसकारण अहिलेसम्म जनताले चाहेजस्तो कानुन बन्न सकेको छैन ।**

**कानुन अभावका कारण प्रदेश सरकार अहिले अप्ठेरोमा देखिन्छ । कार्यक्षेत्र बाझिँदा एकै ठाउँमा बजेट थोपरिएको छ । जसकारण कतै बजेटमाथि बजेट पुगेको छ भने कतै कुनै विकासको योजना पुग्न सकेको छैन । संघीयताको मर्मबमोजिम गठन भएको जिल्ला समन्वय समितिका कर्मचारीहरु कामविहीन बन्नुपरेको छ । संघ सरकारलाई अहिले पनि गृह मन्त्रालयअन्तर्गत रहेको जिल्ला प्रशासन कार्यालय प्यारो लाग्छ । स्थानीय तहमा सरकार पुगिसकेको अवस्थामा केन्द्रबाट जिल्ला प्रशासन कार्यालय सञ्चालन गरेर दोहोरो खर्चको मारमा पारिरहेको छ । यसले राज्यको करको दोहन त भइरहेको छ नै जनतासमेत दोधारमा परेका छन् ।**

**दोहोरो आर्थिक दायित्व, दोधारको नीति राज्यका लागि निकै महँगो व्यवस्था हो । यसले एक त राजस्वमा दखल पर्छ भने व्यवस्थाप्रति नागरिकको मत पनि खस्कन्छ । त्यसैले गणतन्त्रका लागि योगदान दिएका, लोकतन्त्रप्रति समर्पित दलका सांसदहरुले चाँडोभन्दा चाँडो संघीय निजामती विधेयकलाई समय सुहाउँदो सम्पादन गरी पारितका लागि सदनमा पठाउनु जरुरी छ ।**

## मनन्योग्य

### चाणक्य नीति

युधिष्ठिरलाई युवराज बना( उनमा पनि विदुरले महत्त्वपूर्ण भूमिका खेलेका थिए । जब वारणावतको लाक्षागृहमा कुन्तीसहित पाण्डुपुत्रहरूल( ाई हत्या गर्ने षड्यन्त्र गरियो त्यसबाट पाण्डवहरूलाई बचाउन विदुरले नै अहम् कार्य गर्नुपरेको थियो । द्रौपदीको स्वयम्बरपश्चात् विदुरले नै कुलवधू द्रौपदीसहित पाँच पाण्डव र कुन्ती लाई हस्तिनापुरमा आफ्नो साथ ल्याएका थिए ।

जब कि सबैले पाण्डवहरूल( ाई लाक्षागृहमा डढेर मरिसके भन्ने विश्वास गरेका थिए, यस्तो अवस्थामा पनि पाण्डवहरू जीवि( वत नै छन् अनि जुन ब्राह्माण पुत्रले द्रौपदीको स्वयम्वरमा लक्ष्यवेध गर्यो ऊ नै अर्जुन हो र बाँकी पाँच भाइ पाण्डव हुन् भनी विश्वास दिलाउन विदुरलाई कति कठिन पर्यो होला सहजै अनुमान गर्न सकिने कुरा हो । त्यसमा पनि धृतराष्ट्र र भीष्मपितामहलाई (पत्यार) विश( वास दिलाउन झनै असजिल( ोसमेत परेको थियो ।

अनेक गुण सम्पन्न विदुरले धृतराष्ट्रलाई नीतिगत उपदेश मात्र गरेनन् । उनले त कुरु राजघरानामा बेलाबखत देखापर्ने जटिल समस्याहरू समेतलाई समाधान गर्ने गरेका थिए । पाण्डुका पाँचवटै छोरा पाण्डु वन निवास गर्दै गरेको समयमा जन्मिएका थिए। त्यो( तबेला सबैलाई थाहा थियो कि आपका (या रोगको कारणले) राजा पाण्डु सन्तान उत्पत्ति गराउन सक्षम छैनन् ।

यस्तो स्थितिमा जन्मेका पाण्डुपुरहरूलाई राजपरिवारको सदस्य, पाण्टुका सन्तान हुन् भनी स्वीकार गराउनलाई पनि ज्यादै सुझबुझ लगाउनुपर थियो । यस्तो अवस्थामा पनि पाण्डुपुत्रहरूलाई 'राजपुर पाण्डव' र दुर्योधनाधिलाई कौरव भन्ने स्वीकार गराउनमा पद( ाका पछाडि विदुरको महत्वपूर्ण भूमिका रह्यो । यति मात्र होइन, पाण्डुपुत्रहरूलाई परिश्रमी र लगनशील रूपमा तयार गराएर आर्यावर्तका सर्वश्रेष्ठ व्यक्ति हुन् भन्ने पनि सिद्ध छाडेका थिए ।

# नेपाल–कोरिया सम्बन्धको नयाँ मार्गचित्र



■ डा. शिवमाया तुम्बाहाङफे

> नेपालले कोरियाबाट विभिन्न लाभ लिनसक्ने स्थिति छ । तर, हाम्रा नीतिगत र योजना कार्यान्वयनमा भएका समस्याका कारण सोचेजति लाभ लिन नसकिरहेको अवस्था विद्यमान छ । खासगरी उच्चस्तरीय भ्रमण हुन नसक्नु, कोरियालीहरूले नेपालमा लगानीको इच्छा राखे पनि लगानी भित्र्याउन नीतिगत र लगानीको वातावरण दिन नसक्नु तथा नेपालले सहकार्य गर्न खोजेको क्षेत्रको बारेमा रणनीतिक योजना र स्पष्ट दृष्टिकोण दिन नसक्दा पनि सोचेजस्तो लगानी भित्र्याउन सकिएको छैन ।

नेपाल कोरियाबीचको सम्बन्ध ऐतिहासिक रहेको छ । सन् ३७२ मा कोरियामा बौद्ध धर्म प्रवेशसँगै लुम्बिनीसँग भावनात्मक र धार्मिक सम्बन्ध विकास भएको मानिन्छ । सन् ७१९ मा कोरियाली गुरु हेछो लुम्बिनी पुगेको अभिलेख छ । यद्यपि दुई मुलुकबीच कूटनीतिक सम्बन्ध भने १५ मे १९७४ मा भएको थियो । त्यसै वर्ष गणतन्त्र कोरियाले काठमाडौंमा आफ्नो दूतावास खोलेको थियो भने नेपालले सन् २००७ मा मात्रै सियोलमा दूतावास स्थापना गऱ्यो । कूटनीतिक सम्बन्ध स्थापना भएदेखि नै दुई देशबीचको सम्बन्ध सद्भाव, मित्रता र पारस्परिक सहयोगमा आधारित छ । नेपाल र कोरियाबीच ३० मार्च २००५ मा भएको सांस्कृतिक सम्झौताले दुई देशबीचको संस्कृति, कला, शिक्षा, युवा, खेलकुद र पर्यटनका क्षेत्रमा सहयोगको प्रवर्द्धन र विकास गर्ने उद्देश्य राखेको छ ।

सन् २०२४ दुई मुलुकबीचको सम्बन्धको एक ऐतिहासिक स्वर्ण उत्सव मनाइरहेका छौं । केही वर्षयता कोरिया नेपाली कामदारहरूको मुख्य गन्तव्य मुलुक बनेको छ । यस वर्षको जुलाईको अन्त्यसम्म कोरियामा नेपालीको संख्या ६९ हजार ४३८ रहेको छ, जसमध्ये कामदारको संख्या ५३ हजार ४८४ (इ ७) भिसा अर्थात् दक्ष कामदार छ हजार ५५४ र रोजगार अनुमति प्रणाली (एपिएस) अन्तर्गत कामदारहरू अर्थात् (ई ९) भिसामा ४६ हजार ९३० रहेका छन् । यस्तै उहाँ अध्ययनका लागि गएका विद्यार्थीको संख्या छ हजार ३३४ रहेको छ ।

नेपाल र कोरियाबीच परामर्श संयन्त्र स्थापना गर्न २००१ अक्टोबरमा विदेश मन्त्रालयहरूबीच सम्झौता भएको थियो । संयन्त्रले दुवै पक्षलाई द्विपक्षीय सम्बन्धका विभिन्न आयामहरूमा छलफल गर्न र आगामी दिनमा द्विपक्षीय सहयोगलाई अझ प्रवर्द्धन गर्न योगदान दिएका छन् । समय-समयमा संयन्त्रको बैठक बस्ने गरेको छ । दुवै देशमा उच्चस्तरीय भ्रमणहरू भइएका छन् । नेपालमा पनि कोरियाबाट उच्चस्तरीय भ्रमण भएका छन् । कोरिया गणतन्त्रबाट पनि सन् २००९ मा परराष्ट्रमन्त्री यु म्युंग-ह्वानसहित विभिन्न समयमा उपपरराष्ट्रमन्त्रीहरू, संसद्को माथिल्लो सदनका सभामुखलगायतको भ्रमण भएको छ ।

## नेपालको आर्थिक समृद्धिमा कोरियाली सहयोग

नेपालको आर्थिक समृद्धिमा कोरिया सरकारले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ । कोरिया नेपालका शीर्ष पाँच लगानीकर्ताहरूमा पर्दछ । कोरियाली लगानीकर्ताहरूले नेपालमा मुख्यतः जलविद्युत्, निर्माण र सेवा क्षेत्रमा लगानी गरेका छन् । नेपालमा कोरियाली बहुराष्ट्रिय कम्पनी सामसङ र हुन्डाईले उत्पादन सुरु गरेका छन् । नेपाल र कोरियाबीचको राजनीतिक, आर्थिक र सांस्कृतिक सम्बन्धहरू छन् । दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापनाको सुरुआती चरणदेखि नै अर्थतन्त्र, पूर्वाधार विकास र रोजगारीलगायतका क्षेत्रमा पारस्परिक सहयोग आदानप्रदान हुँदै आएको छ ।

नेपाल र कोरियाबीच २३ जुलाई २००७ मा एपिएस सम्झौतामा हस्ताक्षर गरिएको थियो, जसले नेपाली कामदारहरूलाई कोरियामा काम गर्ने प्रणालीको व्यवस्था गरेको छ । दुई देशबीच अनुदान सहायतासम्बन्धी फ्रेमवर्क सम्झौता, नेपाल-कोरिया आर्थिक/प्राविधिक सहयोगजस्ता द्विपक्षीय सम्झौतामा हस्ताक्षर भएको छ । त्यस्तै कोरिया गणतन्त्रले सन् १९७६ देखि नेपाललाई आफ्नो विकास सहयोग प्रदान गर्दै आएको छ । कोरियाले अनुदान सहायता र प्राविधिक सहयोग गर्दै आएको छ । कोरियाले मध्यमस्तरका प्राविधिक जनशक्तिलाई स्वयंसेवकको रूपमा नेपालमा खटाउने गरेको छ ।

नेपालले कोरियाबाट विभिन्न लाभ लिनसक्ने स्थिति छ । तर, हाम्रा नीतिगत र योजना कार्यान्वयनमा भएका समस्याका कारण सोचेजति लाभ लिन नसकिरहेको अवस्था विद्यमान छ । खासगरी उच्चस्तरीय भ्रमण हुन नसक्नु, कोरियालीहरूले नेपालमा लगानीको इच्छा राखे पनि लगानी भित्र्याउन नीतिगत र लगानीको वातावरण दिन नसक्नु तथा नेपालले सहकार्य गर्न खोजेको क्षेत्रको बारेमा रणनीतिक योजना र स्पष्ट दृष्टिकोण दिन नसक्दा पनि सोचेजस्तो लगानी भित्र्याउन सकिएको छैन ।

## अगामी मार्गचित्र

दुई सार्वभौम मुलुकबीच संवाद र सहयोगलाई सहज बनाउन राजदूतले कूटनीतिक सहजकर्ताको रूपमा काम गर्नुपर्दछ । राजदूत विदेशी राष्ट्रहरूमा कूटनीतिक प्रतिनिधि हुन्, उनीहरूको काम दुई देशबीच सकारात्मक सम्बन्ध कायम राख्न मद्दत गर्ने हो । नेपाल सरकारले मलाई गणतन्त्र कोरियाको राजदूतको जिम्मेवारी दिँदै गर्दा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई अझै व्यवस्थित र उचाइमा पुऱ्याउन मेरा केही प्राथमिकताहरू रहेका छन् ।

> दुई सार्वभौम मुलुकबीच संवाद र सहयोगलाई सहज बनाउन राजदूतले कूटनीतिक सहजकर्ताको रूपमा काम गर्नुपर्दछ । राजदूत विदेशी राष्ट्रहरूमा कूटनीतिक प्रतिनिधि हुन्, उनीहरूको काम दुई देशबीच सकारात्मक सम्बन्ध कायम राख्न मद्दत गर्ने हो । नेपाल सरकारले मलाई गणतन्त्र कोरियाको राजदूतको जिम्मेवारी दिँदै गर्दा दुई देशबीचको कूटनीतिक सम्बन्धलाई अझै व्यवस्थित र उचाइमा पुऱ्याउन मेरा केही प्राथमिकताहरु रहेका छन् ।

### क. उच्चस्तरीय भ्रमणमा जोड

नेपाल र कोरियाबीच कूटनीतिक सम्बन्ध स्थापना भएको स्वर्ण वर्षको अवसर पारेर दुई मुलुकबीचको सम्बन्धलाई थप दरिलो बनाउन र कोरियाबाट विकासका लागि ज्ञान, प्रविधि र लगानी भित्र्याउनका लागि उच्चस्तरीय भ्रमण गराउन सकिन्छ । दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन उच्चस्तरको भ्रमणको आदानप्रदान अपरिहार्य हुन्छ । साथै, कोरियाली लगानीकर्तासँग नियमित भेटघाट, सम्पर्क र उनीहरूको नेपालमा लगानीप्रतिको विश्वास बढाउनका लागि नेपालबाट सरोकारवाला मन्त्री वा उच्चस्तरीय अधिकारीहरूको नियमित भ्रमण हुन आवश्यक देखिन्छ ।

### ख. नेपालमा लगानी तथा निर्यात वृद्धि

नेपाल र कोरियाबीचको बढ्दो व्यापार असन्तुलन कम गर्न द्विपक्षीय लगानीसम्बन्धी साझेदारीमा जोड दिनुपर्ने अवस्था छ । कोरियाबाट नेपालतर्फ हुने आयातको तुलनामा नेपालको निर्यात निकै कम रहेकाले व्यापार सन्तुलन कायम गर्न नेपालमा कोरियाली लगानी आवश्यक छ । ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधिजस्ता क्षेत्रमा लगानी साझेदारी बढाउन सकिन्छ । नेपाली अर्थतन्त्रको मेरुदण्ड पनि ऊर्जा, कृषि, पर्यटन नै प्रमुख हो ।

नेपाल उद्योग वाणिज्य महासंघका अनुसार ३५० भन्दा बढी कोरियालीले नेपालमा उद्यम गरिरहेकाले नेपालमा लगानीको वातावरण बनाउन सम्भव देखिएको छ । कृषिको यान्त्रिकीकरणका लागि पहल गरिने छ । कृषि उत्पादनका लागि आवश्यक कारखाना, मल उत्पादन एवं सूचना प्रविधिमा लगानीका लागि अधिकतम पहल गर्ने छु । नेपालमा लगानी गर्न इच्छुक मझौला उद्योगहरूलाई सहजीकरण गर्ने तथा नेपालको निजी क्षेत्रसँग समन्वयको कार्य गर्ने छु । चक्रपथसहित सडक निर्माण, ठूला पूर्वाधारलगायत सूचना प्रविधिको क्षेत्रमा, फोहोर व्यवस्थापन, अर्गानिक मल उत्पादन कारखाना खोल्नेलगायतका विषयमा सहयोगको प्रस्ताव लैजाने योजना बनाएको छु ।

नेपाल कोरियाको सहायता सूचीमा रहेकोले आर्थिक सहयोग विकास कोष (इडिसिएफ) मार्फत प्राप्त हुने रकम न्यून ब्याजमा लिने र यहाँको पूर्वाधार क्षेत्रमा लगानी गर्न मेरो पहल रहने छ । कोरिया अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका)को लगानीलाई अझै व्यापक र विस्तार गर्न सकिन्छ । नेपाली उत्पादनहरूको माग, प्रतिस्पर्धा र बजारको अवस्था अध्ययन गर्दै निर्यात गर्न सकिने उत्पादनहरूको पहिचान तथा नेपालका कृषिजन्य उत्पादन तथा हस्तकलाका सामग्रीको निर्यात सम्भावना बढी रहेकाले ती सामग्रीको प्रवर्द्धनका लागि आवश्यक पहलको खाँचो रहेको छ । दुई देशबीच भएका व्यापार सम्झौताको कार्यान्वयन, भन्सार प्रक्रियाको सहजीकरण, व्यावसायिक भ्रमणको आयोजना गर्नुपर्ने छ ।

### ग. पर्यटन प्रवर्द्धन

लुम्बिनीलाई विश्व शान्ति केन्द्र बनाउन सकिएमा यहाँ ५०० मिलियन बौद्धमार्गीको आस्थाको केन्द्र बनाउने लक्ष्यसहित कम्तीमा ०.५ प्रतिशत बौद्धमार्गीलाई नेपाल ल्याउन सकिन्छ । लुम्बिनीलाई विश्व शान्ति सहरको रूपमा विकास गर्न कोरियन प्रोफेसर डा. क्वाक योङ हुनले तयार पारेको गुरुयोजना कार्यान्वयनको खाँचो छ । अत्याधुनिक सहरको परिकल्पना गरिएको उक्त गुरुयोजनाले लुम्बिनीलाई शान्ति र आध्यात्मिकसँगै अत्याधुनिक सहरको रूपमा विकास गर्ने उल्लेख छ । दुवै देशमा बौद्ध धर्मका आदर्शहरूमा आधारित सांस्कृतिक मूल्यहरूको समानता छ ।

नेपाल कोरियाली पर्यटकहरूका लागि सबैभन्दा रुचाइएको गन्तव्यमध्ये एक हो । सगरमाथा र लुम्बिनी-बुद्धको जन्मस्थल कोरियाली पर्यटकहरूका लागि मुख्य आकर्षण हुन् । हाल कोरियाबाट नेपाल भित्रिने पर्यटकको संख्या १०औं स्थानमा रहेको छ । सन् २०२३ मा २३ हजार ७४३ र कोरोना महामारीअघि ४७ हजारभन्दा बढी कोरियाली पर्यटकले नेपाल भ्रमण गरेका थिए । साहसिक पर्यटन र परोपकारी गतिविधि कोरियाली नागरिकहरूको ठूलो योगदान रहेको छ । झन्डै दुई करोड कोरियाली नागरिकले विदेश भ्रमण गर्ने गरेकामा नेपालमा ३० हजारमात्र आउने गरेका छन् । तथ्यांकअनुसार कोरियाली नागरिकले सन् २०२३ मा विदेशमा क्रेडिट कार्डबाट मात्रै १४.३२ विलियन अमेरिकी डलर खर्च गरेका छन् । त्यो भनेको नेपालको वार्षिक बजेटबराबर हो । तर, नेपालमा त्यसको नगण्यमात्रै भित्रिएको अवस्था छ ।

नेपालमा बढीभन्दा बढी दक्षिण कोरियाली पर्यटक भित्र्याउन काठमाडौं-कोरिया सीधा उडान गर्न जरुरी छ । कोरियाली पर्यटकको आगमनदर बढाउन नेपाल वायुसेवा निगमको काठमाडौं-कोरिया सीधा उडानबाट उल्लेखनीय कोरियाली पर्यटक नेपाल भित्र्याउन सकिने छ । कोरियन एयरले सोल-काठमाडौं हप्ताको तीनदेखि चार उडान गर्ने र भाडासमेत महँगो भएका कारण पर्यटक आवागमनमा कमी आएको छ । कोरियन एयरसँग प्रतिस्पर्धा गर्न सक्षम बनाउन, कोरियन पर्यटकलाई नेपाल भित्र्याउन, नेपाली नागरिकका सस्तो मूल्यमा कोरिया उडान हुने वातावरण तयार गर्न नेपाल वायुसेवाको उडान अनिवार्य सर्त हो । उडान सञ्चालन भएमा कामदारको भाडा कम हुने, पर्यटकको संख्या बढ्ने तथा नेपाल वायुसेवा निगमको व्यापार बढ्ने छ ।

### घ. श्रम तथा रोजगार

दक्षिण कोरिया नेपाली श्रमिकको आकर्षक रोजगार गन्तव्य मुलुक हो । इमान्दार र मेहनती श्रमिकको मान्यता पाएका नेपाली श्रमिकको छवि कोरियामा राम्रो देखिएको छ । करार अवधि सकिएसँगै स्वदेश फर्कने, अवैधानिक बसोबास नगर्ने कारण पनि नेपाली कामदार कोरियाली रोजगारदाताको रोजाइमा छन् । यसका कारण इपिएसमा नेपाली श्रमिकको कोटा बर्सेनि वृद्धि हुँदै आएको छ । इपिएस प्रणालीमा नेपालले दर्साएको निष्पक्षतालाई अझै प्रचार गर्दै कामदारको कोटा वृद्धिका लागि आवश्यक पहल लिने छु । मानसिक तनाव, कामको चाप, खानपिन, हावापानीलगायत कारण कोरियामा रहेका नेपाली डिप्रेसनको सिकार, मानसिक तनाव तथा आत्महत्याको घटना न्यूनीकरणका लागि तनाव व्यवस्थापनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

### ङ. शिक्षा

दक्षिण कोरियामा अध्ययन गर्न जाने विदेशी विद्यार्थीको संख्यामा वृद्धि भएसँगै त्यहाँको सरकारले भिसा नीतिमा कडाइ गरेको छ । नेपाली युवायुवतीलाई पनि विद्यार्थी भिसामा कामको लोभ देखाउँदै कोरिया लैजाने प्रवृत्तिविरुद्ध आवश्यक रणनीति निर्माण गर्नुपर्ने छ । नेपाली विद्यार्थीलाई आफ्नो सीप सिकेर स्वदेश फर्कन र नेपालमै उद्यम गर्ने वातावरण निर्माण गर्ने विशेष भूमिका निर्वाह गर्ने छु ।

### च. संसदीय आदानप्रदान

दक्षिण कोरियाली संसद्मा नेपालसम्बन्धी संसदीय मैत्री समूह गठन गरिसकेको छ भने नेपालको संघीय संसद्ले पनि नेपाल कोरिया मैत्री समूह निर्माण गरेको छ । मैत्री समूहमार्फत संसदीय कूटनीतिका लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ । नेपाललाई कोरियाली नीति निर्माता र बौद्धिक समूहसँग जोड्न आवश्यक छ । महत्त्वपूर्ण निकाय (सरकारी कार्यालय, विश्वविद्यालय, बौद्धिक समूह, स्थानीय सरकार, संघसंस्था)हरूबीचको सहकार्यमा सहजीकरण गरेर बलियो समन्वय स्थापित गर्ने मेरो पहल रहने छ । कोरियाले अनुसन्धान र विकासका क्षेत्रमा हासिल गरेको उपलब्धिबाट हामीले पनि धेरै कुरा सिक्न सकिन्छ ।

### छ. प्रविधि र नवप्रवर्तन

दक्षिण कोरिया विश्वभरि प्रविधिको क्षेत्रमा अत्यन्त उन्नत र प्रभावशाली देशको रूपमा चिनिन्छ । कोरियाका कम्पनीहरू सामसङ, एलजीदेखि अटोमोबाइलको उत्पादनमा पनि कोरिया अग्रपंक्तिमा छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लगायतका प्रविधिको विकास र प्रयोगमा कोरिया अग्रणी छ । रोबोटिक्स र अन्य आधुनिक प्रविधिमा व्यापक लगानी छ । प्रविधि नवप्रवर्तन र दीर्घकालीन प्रविधि विकासमा कोरियाली लगानी र भित्र्याउन सकिएमा नेपालको समृद्धिमा ठूलो योगदान पुग्ने छ ।

अन्त्यमा, राजदूतले सिंगो राष्ट्रको प्रतिनिधित्व गर्ने भएकाले पदमा रहँदा नेपालको इज्जत, गरिमालाई वृद्धि गर्न इमान्दार भएर कर्तव्य निर्वाह गर्नु मेरो कर्तव्य हुने छ । राजदूतको सफलता त्यस देशको सरकार, नागरिक समाज र प्रवुद्ध वर्गसँग गरिने अन्तर्क्रियामासमेत निर्भर रहने गर्दछ । दक्षिण कोरियामा नेपालप्रतिको चासो वृद्धि गर्न, अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्न भूमिका निर्वाह गर्ने मेरो प्रतिबद्धता रहेको छ ।

*(दक्षिण कोरियाका लागि नवनियुक्त राजदूत डा. तुम्बाहाङफेसँग राससले गरेको कुराकानीमा आधारित)*





**क्रिसमस ट्री** | क्रिसमस डे का दिन बुधबार सुनसरीको इटहरीस्थित एक व्यापारिक कम्प्लेक्समा बनाइएको क्रिसमस ट्री । *तस्बिरः नवीन गड्तौला/रासस*

# सीमा क्षेत्रमा स्थानीय प्रशासनको अनुगमन

**महोत्तरी (प्रस)**– भारतसँग सीमा जोडिएका महोत्तरीका सीमानाकामा स्थानीय प्रशासनले अनुगमन बढाएको छ । सीमा क्षेत्रमा आपराधिक गतिविधि हुन नदिन जिल्ला प्रशासन कार्यालयको अगुवाइमा अनुगमन थालिएको हो । मंगलबार प्रमुख जिल्ला अधिकारी लालबाबु कवारी नेतृत्वको टोलीले अनुमतिपत्र नलिई सञ्चालन भएका मदिरालगायत सामग्री बेच्ने पसल बन्द गराइएको बताए ।

भारतको विहार राज्यमा मदिरा प्रतिबन्ध भएका कारण नेपाल-भारत सीमा क्षेत्रमा मदिराको अवैध कारोबार बढेको स्थानीयको गुनासो बढेपछि स्थानीय प्रशासनले अनुगमन थालेको हो । सीमा क्षेत्रका मटिहानी, पर्सा पतैली, मलिवाडा भिठामोड, थरुवाही, नैन्ही, मरुवाही, बथनाहा, सम्सी, रघुनाथपुर, कटीकटैयामा स्थानीय प्रशासनले अब निरन्तर अनुगमन गर्ने जनाइएको छ । अनुगमन टोलीमा जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी, बल, राष्ट्रिय अनुसन्धान विभाग, करदाता सेवा कार्यालयका अधिकारीहरू थिए ।

# विद्यार्थी–शिक्षकको समस्याप्रति उदासीन स्थानीय सरकार

## बोरा बिछ्याएर पढिरहेका छन् विद्यार्थी, एक शिक्षकले सात वर्षदेखि तलब नपाएकाको गुनासो

■ **रमेश तिमलसिना**



**चन्द्रपुर (रौतहट)**– फतुवा विजयपुर नगरपालिका-१ शीतलपुरस्थित दलित प्राथमिक विद्यालयका विद्यार्थी विगत १७ वर्षदेखि बोरामा बसेर अध्ययन गरिरहेका छन् । बकैया नदीको 'डचाम'मा स्थानीय समाजसेवी गणेश महराले दान गरेको १० धुर जग्गामा २०६४ सालमा दलित प्राथमिक विद्यालय स्थापना भएको हो ।

विद्यालयमा कुनै किसिमको फर्निचर तथा भवन नभएकै कारण अध्ययन गर्ने बालबालिका भुइँमा बोरा ओछ्याएर पढ्दै आएका छन् । भवनको नाममा दुईवटा स-साना छाप्रो छन् । अहिले पनि सो विद्यालयमा अध्ययन गर्ने बालबालिका भुइँमा नै बसेर अध्ययन गरिरहेका छन् । सो विद्यालयका कक्षा ३ मा अध्ययनरत रबिताकुमारी मुखियाले पढ्ने वातावरण नै नभएको बताएकी छन् । विद्यालयका समस्याप्रति स्थानीय सरकार उदासीन भएका उनको गुनासो छ ।

स्कुलमा डेस्क, बेञ्च, भवन, शौचालय केही पनि नभएको उनले गुनासो गरिन् । अर्का विद्यार्थी सुवोधकुमार पटेलले पनि फर्निचर अभावमा पढ्न कठिनाइ भएको बताए । अहिले फर्निचर र भवनमात्र भए पनि पढ्न सहज हुने पटेलले बताए । बाल विकास कक्षामा अध्ययन गर्न बालबाललिकाले बोरा लिएर जाने गरेका छन् । घरबाट बोरा नल्याउनेले चिसो भुइँमा बस्नुपर्ने बाध्यता रहेको निमित्त प्रधानाध्यापक हीरालालप्रसाद यादवले बताए ।

हाल उक्त विद्यालयमा चारजना बाल विकास शिक्षिका, दुई संघीय अनुदानका शिक्षक र एक कार्यालय सहयोगी कार्यरत छन् । स्थापना भएको १७ वर्षमा सो विद्यालयमा हालसम्म एक जना पनि स्थायी शिक्षक छैनन् । विद्यालयमा अध्ययन र अध्यापन गराउन एकदमै असहज भएको प्रधानाध्यापक यादवले बताए । विद्यालय स्थानीय तह मातहत आएको आठ वर्ष बितिसक्दा पनि विद्यालयको अवस्थामा परिवर्तन नहुनु राजनीतिक मतभेद भएको उनको बुझाइ छ ।

सोही विद्यालय स्थानन्तरणका लागि २०७४ सालमा नेकपा माओवादी केन्द्रबाट निर्वाचित फतुवा विजयपुर नगरपालिका-१ का तत्कालीन वडाध्यक्ष सञ्जय साहले चार कट्ठा जमिन खरिद गरेर पाँचकोठे भवन बनाएका थिए । तर उक्त जमिन रौतहट क्षेत्र नं ३ का सांसद प्रभु साहको तराई मधेस समृद्धि प्रतिष्ठानका नाममा खरिद गरेका कारण विद्यालय सार्न नसकिएको प्रधानाध्यापक यादवले जानकारी दिए ।

विद्यालयका नाममा बजेट लिएर जमिन र भवन विद्यालयको नाममा नगर्दा विद्यार्थीले सास्ती खेप्नुपरेको प्रधानाध्यापक यादवले बताए । वि.सं. २०७९ मा निर्वाचित नगरप्रमुख निलम्बनमा परेको र हालका कार्यवाहक नगरप्रमुख अम्बेया खातुनले विद्यालयको अवस्थाबारे चासो नदिएको उनले गुनासो गरे । सामान्य वर्षा र प्रचण्ड गर्मीमा पनि विद्यालय बन्द गर्नुपर्ने बाध्यता रहेको प्रधानाध्यापक यादवले बताए । मधेस प्रदेश सरकारका अर्थमन्त्री जितेन्द्र यादव सोही नगरका भए पनि विद्यालयको समस्या समाधान नभएकामा उनी खिन्न छन् ।

### साउनदेखि खाजा खुवाउन सकेको छैन

पकाउने र भाँडा राख्ने ठाउँको अभाव देखाउँदै विद्यालयले गत साउनदेखि त्यस विद्यालयमा अध्ययनरत विद्यार्थीलाई खाजा खुवाउन नसकेको प्रधानाध्यपक यादवले जानकारी दिएका छन् । बाढीले हाजिर रजिस्ट्रर बगाएको स्मरण गर्दै प्रअ यादवले भौतिक पूर्वाधार अभाव झेल्नुपरेको गुनासो गरे । विद्यालयमा १७५ विद्यार्थी छन् ।

यो विद्यालयमा ६० प्रतिशत छात्रा र चार शिक्षिका छन् । शौचालय अभावमा उनीहरू दिसापिसाप गर्न आफ्नै घर वा नजिकैको उखुबारी जानुपर्ने बाध्यता छ ।

### सात वर्षदेखि तलबविहीन

सोही विद्यालयमा अध्यापनरत एक शिक्षकले सात वर्षदेखि तलबविहीन भएर काम गरिरहेको गुनासो गरे । २०७५ असोज ६ गते आफूले राहत दरबन्दीमा नियुक्त भएको तर हालसम्म एक रूपैयाँ तलब नपाएको शिक्षक रामप्रवेश बैठा धोबीले बताए । फतुवा विजयपुर नगरपालिकाका शिक्षा शाखा प्रमुख सञ्जय यादवले तलब दिने आश्वासन दिएको तर कहिले पाउने हो टुंगो नभएको शिक्षक धोबीले बताए । सोही विद्यालयका प्रधानाध्यापक हीरालाल यादवले भने विद्यालयमा राहत दरबन्दी नै नभएको जानकारी दिए ।

फतुवा विजयपुर नगरपालिका-१ का वडाध्यक्ष विजयकुमार यादवले चाँडै अर्को ठाउँमा सो विद्यालयका लागि जमिन खरिद गर्ने जानकारी दिएका छन् । वडाध्यक्ष यादवले जमिन खरिद गरेर भवन बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् । *रासस*

# रामेछापमा 'एक विद्यालय एक नर्स' कार्यक्रम प्रभावकारी

■ **रमेश ढुंगेल**



**मन्थली (रामेछाप)**– जिल्लाका विभिन्न विद्यालयमा सञ्चालित 'एक विद्यालय एक नर्स' कार्यक्रम प्रभावकारी देखिएको छ । बागमती प्रदेश सरकारले सहयोगमा सञ्चालित कार्यक्रमबाट विशेष गरेर किशोरी धेरै लाभान्वित भएका छन् । मन्थली मावि कक्षा-९ की छात्रा सृष्टि तामाङले 'एक विद्यालय एक नर्स' कार्यक्रम जिल्लाका सामुदायिक विद्यालयमा अध्ययन गर्ने आफूहरूजस्ता किशोरीलाई वरदान बनेको बताए ।

सृष्टिजस्तै रामेछाप नगरपालिका-८ स्थित शारदा संस्कृत माविमा अध्ययनरत सोनिका कार्की र रोजिना शाही पनि आफूहरू महिनावारी भएका बेलामा विद्यालय नर्सले दिने स्यानिटरी प्याड र त्यसबेला दुख्ने गरेको तल्लोपेटको उपचारका कारण आफूहरूलाई त्यस अवधिमा विद्यालय जान कुनै अप्ठेरो नभएको बताउँछन् । उनीहरू यसअघि महिनावारी भएका बेला विद्यालय जाने गरेका थिएनन् ।

किशोरी छात्राहरू महिनावारी हुँदा विद्यालय नआउने, आए पनि बीचैमा कक्षा छाडेर घर जाने गरेका थिए । तर यो कार्यक्रम लागू भएपछि विद्यालय नर्स कार्यक्रमपछि छात्राहरूको कक्षामा नियमित उपस्थिति दर पनि बढेका शारदा संस्कृत मावि बावियाखर्कका प्रधानाध्यापक नारायणप्रसाद घिमिरेले बताए ।

कार्यक्रम लागू भएपछि विद्यार्थीको स्वास्थ्योपचारमा सहज हुनुका साथै विद्यार्थीको उपस्थिति दर पनि बढेकामा जिल्लाका शिक्षक खुसी छन् । दुई हजारभन्दा बढी विद्यार्थी रहेको मन्थली माविमा एक जना नर्सले भ्याउन मुस्किल भएकाले दुई जनासम्म भइदिए अझ सहज हुने अर्का प्रधानाध्यापक टंकप्रसाद दाहाल बताउँछन् ।

विद्यालय र विद्यार्थीको सरसफाइ एवं विद्यालयमा 'जंक फुड'को अन्त्यलगायत बारेमा विद्यालय नर्सले विद्यार्थी र अभिभावकलाई जानकारी गराउने, सामान्य चोटपटक तथा अन्य आकस्मिक बिरामी हुँदा उपचार गर्न सहज हुने भएकाले विद्यालयमा यो कार्यक्रम प्रभावकारी भएको रुद्राक्षेश्वर मावि मुगिटारका प्रधानाध्यक हर्कबहादुर भुजेलले बताए ।

प्रदेश सरकारले जारी गरेको विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा निर्देशिका, २०७६ अनुसार जिल्लाका प्लस टु सञ्चालन गरेका विद्यालयमा यो सेवा उपलब्ध गराउने प्रावधान भए पनि जिल्लाका सबै विद्यालयमा यो सेवा उपलब्ध भइसकेको छैन । केही विद्यालयमा कार्यक्रम लागू भए पनि नर्सहरूको दरबन्दी खाली हुँदा कार्यक्रम लागू भए पनि सेवा प्रवाहमा कठिनाइ भइरहेको शिक्षा विकास तथा समन्वय एकाइले जनाएको छ ।

जिल्लामा ९३ माध्यामिक तहका सामुदायिक विद्यालयमध्ये ४६ विद्यालयमा मात्र यो कार्यक्रम लागू भएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख नेत्रप्रसाद गजुरेलले बताए । उनले भने, 'यो कार्यक्रमले विद्यालय सेवा क्षेत्रभित्रका अभिभावकलाई पनि आवश्यक स्वास्थ्योपचारका लागि निकै सहज भएको छ ।'

उपचारका लागि र आकस्मिकरूपमा चोटपटक लाग्दा गाउँबाट टाढा रहेको स्वास्थ्यचौकीसम्म पुग्नुपर्ने समस्या हटेर नजिकैको माध्यामिक विद्यालयमा जाँदा पनि सामान्य उपचार सेवा प्राप्त हुने भएकाले आफूजस्ता अभिभावकका लागि यो कार्यक्रम निकै उपयोगी भएको मन्थली नगरपालिका-७ भटौलीका कृष्ण कार्की बताउँछन् । प्रदेश सरकारमार्फत लागू भएको यो कार्यक्रमले नगरको बालमैत्री नगर घोषणाका लागि आवश्यक स्वास्थ्य तथा सरसफाइका लागि निकै उपयोगी भएको र आफू कार्यरत विद्यालयमा पनि छात्रको तुलनामा सेवा लिन छात्रा नै बढी आउने गरेको शारदा संस्कृत माविकी स्टाफ नर्स श्रेस्ता दाहालले बताए ।

रामेछाप र मन्थली नगरपालिकाले २०८१ चैत मसान्तसम्ममा बालमैत्री नगर घोषणा गर्ने तयारी गरिरहेको वर्तमान अवस्थामा यो कार्यक्रमले पनि त्यसका लागि आवश्यक सूचक पूरा गर्न सहयोग गरिरहेको मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवर्षि सापकोटाले बताए । रामेछाप र मन्थली नगरपालिकाको सात-सातवटा सामुदायिक विद्यालय, लिखु तामाकोशी गाउँपालिकाका छवटा विद्यालय, खाँडादेवी गाउँपालिकाका आठवटा विद्यालय, सुनापति गाउँपालकाका सात, गोकुलगंगाका पाँच, दोरम्बा शैलुङका चार र उमाकुण्डका तीन गरी ४६ विद्यालमा 'एक विद्यालय एक नर्स' कार्यक्रम सञ्चालन भइरहेको एकाइका प्राविधिक सहायक दिनेश नेपालीले बताए । जिल्लामा ५३ वटा विद्यालयमा १० जोड दुई कक्षा सञ्चालन भए पनि सबै सामुदायिक विद्यालयमा यो कार्यक्रम लागू भएको छैन ।

गुणस्तरीय पठनपाठनको अभावमा आफूहरूको आकर्षण सामुदायिक विद्यालयमा नभएको मन्थली नगरपालिका-१ का स्थानीय अभिभावक नारायण बस्नेत बताउँछन् । विद्यार्थी आकर्षण गर्न प्रदेश सरकारले विद्यालयमा दिवा खाजाको कार्यक्रम पनि ल्याएको छ । तर कक्षा ५ सम्ममात्र प्रतिविद्यार्थी १५ का दरले खाजाको रकम निकासा हुने भएपछि उक्त रकमले गुणस्तरीय खाजाको व्यवस्था गर्न समस्या भइरहेको नागकन्या मावि मन्थलीकी प्रधानाध्यापक सुमित्रा (खड्का) कार्की बताउँछिन् ।

गत वर्ष कक्षा ६ सम्म दिवा खाजाको व्यवस्था गरिएको भए पनि यस वर्षदेखि कक्षा अपग्रेड गरी कक्षा ७ सम्म गर्नुपर्ने भए पनि कक्षा घटाएर कक्षा ५ सम्ममा झारेको र खाजाका लागि १५ रूपैयाँ रकम असाध्यै थोरै भएकोप्रति अभिभावकको गुनासो छ । तर सबै माध्यामिक तहका सामुदायिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम र आधार भूत तह (कक्षा १-८)सम्म विद्यार्थीलाई दिवा खाजाको कार्यक्रम सबै विद्यालयमा लैजान सके अभिभावकको सामुदायिक विद्यालयप्रतिको आकर्षण वृद्धि भई विद्यार्थी संख्यासमेत बढाउन सकिने मन्थली माविका पूर्वप्रअ गुञ्जबहादुर श्रेष्ठ बताउँछन् । *रासस*

# बाढीपहिरोले काभ्रेपलाञ्चोकका ३३०० निजी आवासमा क्षति



**काभ्रेपलाञ्चोक (प्रस)**– भीषण बाढीपहिरो गएको करिब तीन महिनापछि जिल्लास्थित सहरी विकास तथा भवन कार्यालयले जिल्लामा भएका निजी आवासको क्षति विवरण सार्वजनिक गरेको छ । उक्त विवरणअनुसार जिल्लाका तीन हजार ३३८ निजी आवासमा क्षति पुगेको छ ।

कूल क्षति पुगेको निजी आवासमध्ये दुई हजार ५७७ घर पूर्णरूपमा क्षति भएका छन् । ७५१ घरमा आंशिक क्षति पुगेको छ । त्यसैगरी ६८ घरपरिवार स्थानान्तरणका लागि सिफारिस भएका छन् । कार्यालय प्रमुख भूमिनन्द ढकालका अनुसार १२ सरकारी भवनमा पूर्णरूपमा क्षति पुगेको छ भने १३५ वटामा आंशिक क्षति पुगेको छ ।

आठ सार्वजनिक भवन पूर्णक्षति भएका छन् भने १३४ वटामा आंशिक क्षति पुगेको जनाइएको छ । जिल्लाका १३ स्थानीय तहमध्ये पनौती नगरपालिका तथा रोशी र बेथानचोक गाउँपालिका बाढीपहिरोबाट बढी प्रभावित भएका छन् । घर पूर्णरूपमा क्षति भएकामध्ये बेथानचोक गाउँपालिकामा ६२ ९, नमोबुद्ध नगरमा ४८९, रोशीमा ३५० र तेमालमा ४३९ घर छन् ।

त्यसैगरी चौरीदेउराली गाउँपालिकामा १३४, भुम्लुमा १२२, धुलिखेल नगरमा ८०, पाँचखाल नगरमा ७६, पनौती नगरमा ५९, बनेपा नगरमा ४७, मण्डनदेउपुर नगरपालिकामा ८४ तथा खानीखोला गाउँपालिकामा ४५ र महाभारतमा २३ घर पूर्णरूपमा क्षति भएको कार्यालयले जनाएको छ । जिल्लामा स्थानान्तरण गर्नुपर्ने घरपरिवारमध्ये चौरीदेउरालीमा २३, मण्डनदेउपुरमा १३, पाँचखालमा १३, रोशीमा नौ, खानिखोलामा र बेथान्चोकमा पाँच/पाँच घरपरिवार छन् ।

बाढीपहिरोबाट काभ्रेपलाञ्चोकमा ७९ जनाको मृत्यु भएको थियो भने ७८ घाइते तथा छ जना बेपत्ता छन् । जिल्लाका स्थानीय तहबाट प्राप्त क्षतिको विवरणअनुसार पुनर्निर्माण तथा पुनःस्थापनाका लागि बागमती प्रदेशस्थित भौतिक पूर्वाधार विकास मन्त्रालयमा लागत अनुमानसहितको विवरण पठाइएको कार्यालय प्रमुख ढकालले बताए ।

उनका अनुसार २० वटा सरकारी तथा सार्वजनिक भवन पुनर्निर्माण गर्नुपर्ने देखिएको छ । 'केही स्थानमा बस्ती तहसनहस भएकाले सुरक्षित क्षेत्रमा एकीकृत बस्ती विकास गर्नुपर्ने देखिएको छ, सरोकारवाला निकायलाई यसैअनुसार सुझाव प्रस्तुत गरेका छौं,' ढकालले भने ।

## अन्तर्राष्ट्रिय बजारमा पनि रिलिज हुँदै 'लाज शरणम्'

चर्चित हास्य सिरियल 'सक्किगोनि'को समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्' महाशिवरात्रिको अवसर पारेर आगामी फागुन १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा छ । फिल्मलाई अन्तर्राष्ट्रिय बजारमा पनि रिलिज गरिने भएको छ । यसका लागि सेभेन सिज इन्टरनेसनलले फिल्मको अन्तर्राष्ट्रिय वितरण अधिकार खरिद गरेको छ । सेभेन सिजले भारतबाहेकको वितरण अधिकार लिएको हो । मंगलबार निर्माण कम्पनी जेपिटी क्रिएसनको तर्फबाट अर्जुन घिमिरे (पाँडे) र वितरण कम्पनीका प्याट्रिक सुवेदीले सम्झौतापत्रमा हस्ताक्षर गरे ।





# 'जुना'को फर्स्टलुक सार्वजनिक




■ प्रभाव संवाददाता

**काठमाडौं**– बाल विवाह तथा महिला हिंसा निरुत्साहित गर्ने उद्देश्यले निर्माण गरिएको बहुप्रतिक्षारत फिल्म 'जुना' को फस्टलुक सार्वजनिक भएको छ । आगामी माघ २५ गते रिलिज हुने फिल्म गोदावरी फिल्म प्रोडक्सन एण्ड रिसर्च सेन्टर प्रालिको ब्यानरमा निर्माण भएको हो । फिल्ममा जीवन सेञ्चुरीको निर्देशन छ ।

फस्टलुकमा फिल्मकी प्रमुख कलाकार अस्मिता ढकाललाई सोलो रूपमा प्रस्तुत गरिएको छ । फस्टलुकमा अस्मितालाई ग्रामीण पहिरनमा देख्न सकिन्छ । सिन्दुर, पोते र हातमा बाला लगाएकी अस्मिता कतै हेरिरहेकी छन् । पृष्ठभूमि हेर्दा उनी रुखको फेदमा बसेको अनुमान लगाउन सकिन्छ । पोस्टर राकेश दाहालले डिजाइन गरेका हुन् ।

फिल्ममा अस्मिता ढकाल, कृष्णप्रसाद धिताल, देशभक्त खनाल, रश्मी भट्ट, कमल बोहोरा, अस्मिता बस्नेत, खगेन्द्र न्यौपाने, विकास आनन्द, इन्द्र बिके र केशव अधिकारीको अभिनय छ ।

निर्देशक सेञ्चुरीले फिल्मले 'बाल विवाह सामाजिक अपराध हो । त्यसकारण यसलाई अन्त्य गरौं' भन्ने नारा लिएको बताए ।

''जुना' एक ऐतिहासिक र विशिष्ट प्रकृतिको फिल्म हो । नेपाली समाजमा व्याप्त महिला हिंसा, बाल विवाह, अनमेल विवाह, बहुविवाह, बलात्कार, जबरजस्ती करणी, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्ने राष्ट्रिय आवश्यकतालाई यस फिल्मको माध्यमबाट सम्बोधन गर्ने प्रयास गरिएको छ', निर्देशक सेञ्चुरीले भने ।

उनले फिल्मले बाल विवाह तथा महिलाको मुद्धा बोकेको हुँदा नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह अन्त्य गर्न लिएको लक्ष्यलाई सघाउने बताए ।

पर्वतको सालिजा ओखेनीमा छायांकन गरिएको फिल्ममा दीपकप्रसाद घिमिरेको लगानी छ । फिल्ममा राजबहादुर सानेको कथा, बीबी अनुरागी र रमेश सेञ्चुरीको संगीत, जीवन सेञ्चुरी र भीमबहादुर पौडेलको शब्द, अञ्जु पन्त, पूर्णकला बिसी र यदुराई लकान्द्रीको स्वर र रामेश्वर हुमागाईंको डिओपी छ । फिल्मको वितरण एप्पल इन्टरटेनमेन्ट, रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले गर्नेछन् ।

यो फिल्म पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी, राष्ट्रिय सभा र प्रतिनिधि सभाका सांसद, विज्ञ, लेखक, समालोचकलगायतले हेरिसकेका छन् ।

# छायांकनमा कुसुमको कौशलता

■ प्रभाव संवाददाता



**काठमाडौं**– नेपाली कला क्षेत्रमा महिला प्राबिधिकहरूको संख्या बढ्दो क्रममा रहेको छ । यसै सिलसिलामा विगत आधा दशकभन्दा लामो समयदेखि नेपाली कला क्षेत्रको उत्थान र विकासको लागि आफ्नो अतुलनीय योगदान दिँदै आएका कुशल छायाँकार हुन् कुसुम गुरुङ ।

लम्जुङ जिल्लामा जन्मेकी कुसुम गुरुङ सानै देखि टेलिभिजन हेर्न र सिनेमा हेर्न भनेपछि हुरुक्कै हुन्थिन । त्यो समयमा चलचित्र कसरी र कहाँ खिचिन्छ होला, कसरी तयार हुन्छ होला, अनि कुन प्रकारले टेलिभिजनबाट प्रसारण हुन्छ भन्ने कौतुहलता थियो नै क्यामरा र चलचित्र सम्बन्धि चासो सानैबाट थियो उनमा ।

उच्च शिक्षा हासिलको सिलसिलामा काठमाडौं आईन र आफ्नो चाहनाको बिद्यामा कसरी आगाडी बढ्ने भन्ने सोचले सताईरहेको हुन्थ्यो त्यस बेला उनलाई । जहाँ इच्छा त्यहाँ उपाए भने जस्तो आफुले इच्छाएको क्षेत्रमा बिवाह, ब्रतवन्ध जस्ता कार्यक्रमहरू खिचेर सुरु भएको उनको यात्रा अहिले बृत्तचित्र, टेलिभिजन कार्यक्रम, प्रोफाईल, डकुमेन्ट्री, सन्देशमुलक बिज्ञापनसम्म आइपुगिसकेको छ ।

टेलिभिजनबाट प्रसारण हुने विशेष, सशक्तिकरण, क्राईम, समाचार लगायत अन्य चर्चित कार्यक्रमहरूको छायाँकारको रूपमा समेत काम गरिसकेकी छन् भने झण्डै एक वर्ष नेपाल टेलिभिजनबाट प्रसारण हुने 'बजार र बिकास' लगायत बिभिन्न चर्चित कार्यक्रमको क्यामराम्यानको भुमिका निभाएकी थिइन ।

नेपाली चलचित्र र नेपाली मनोरञ्जनात्मक उत्पादन विश्व बजारसम्म पुग्नुपर्ने र यस क्षेत्रका अग्रज हस्तीहरूले यो विषयमा अलि बढी सकृय हुने हो भने नेपाली चलचित्रले पनि विश्वबजारमा राम्रै स्थान पाउन सक्ने कुसुमको धारणा छ ।

टेलिभिजनको स्टुडियो होस् वा अन्य सुटिङस्पट युनिटमा सबैसंग मिलेर सहकार्य गर्न सिपालु कुशल क्यामराम्यान कुसुम बिभिन्न संघसंस्थामा रहेर आफ्नो जिम्मेवारी निभाउदै आउने क्रममा अवार्ड र सम्मानबाट सम्मानित भइसकेकी छन् ।

आफ्नो क्षमताका कारण एकपछि अर्को काममा निरन्तर लागिरहेकी कुसुम चलचित्र, टेलिचलचित्र र समाचार वाचन नै किन नहोस त्यसको मेरुदण्ड मध्ये छायाँकारको भूमिका पनि महत्वपूर्ण रहने बताउँछन् ।

निरन्तर छायांकनको क्षेत्रमा आफ्नो उपस्थिति खरो रूपमा गराउदै आईरहेका कुसुम आफ्नो कामको माध्येमबाट नेपाली कलाप्रेमी र दर्शकको मन मष्तिष्कमा बस्न सफल भएकी छन् ।



# नेपाल एक कास्यमै सीमित

■ प्रभाव संवाददाता




**काठमाडौं**– काठमाडौमा जारी योनेक्स सनराईज नेपाल इन्टरनेशनल च्यालेन्ज २०२४ मा नेपालको यात्रा एक कास्यमा सिमित हुँदै समाप्त भएको छ ।

आज सम्पन्न मिक्स युगल तर्फको सेमिफाईनलमा खेलमा नेपालका नम्बर एक खेलाडी द्वय प्रिन्स दाहाल र रसिला महर्जन थाईल्याण्डका नोन्ताकोर्न थोङ्ग अन र कोड्चापोर्न चाईछानाको जोडी संग २१-१५, २१-१७ ले पराजित भए पश्चात नेपाल एक कास्यमा खुम्चिन गएको हो ।

यस अघि प्रिन्स र रसिलाको जोडीले क्वाटरफाईनलमा नेपालकै क्षितिज खनाल र शोभा गौचनको जोडीलाई पराजित गर्दै सेमिफाईनलमा स्थान बनाएका थिए ।

नेपाल ब्याडमिन्टन संघको आयोजनामा भएको च्याम्पियनसिपको मिकस युगलकै अर्को खेलमा मलेसियाका लाउ यि सेङ्ग र याप रु चेनको जोडीले फाईनलमा स्थान बनाए । उक्त जोडीले भारतका थानदाङ्गी हेमा नगेन्द्र बाबु र श्रीललिता सुप्रिया यलाप्रागाडाको जोडीलाई २१-१०, २१-९ले पराजित गरेका थिए ।

महिला एकल तर्फको खेलमा भारतकी इरा शर्माले जित हात पार्दै फाईनलमा थाईल्याण्डकी ललिनरात चाईवान संगको भेट पक्का गरिन् । ईराले सेमिफाईनलमा थाईल्याण्डकी तिदापोर्न क्लिबिसुनलाई १५-२१, २५-२३, २१-१५ र ललिनरातले युएसएकी इसिका जयसवाललाई २१-१४, २१-१७ ले पराजित गर्दै फाईनल यात्रा तय गरेका हुन् ।

# पोखरामा 'ओपन तथा भेट्रान्स' टेनिस हुँदै

**कास्की (प्रस)**– देशको पर्यटकीय राजधानी सहर पोखरामा यही पुस ११ गतेदेखि २१ औं संस्करणको 'माछापुच्छ्रे पोखरा ओपन तथा भेट्रान्स टेनिस' प्रतियोगिता सञ्चालन हुने भएको छ । कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरा रङ्गशालास्थित टेनिस कोर्टमा हुने प्रतियोगिताको सबै तयारी सकिएको आयोजकले पत्रकार सम्मेलनमार्फत जनाएको छ ।

यही पुस १५ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा महिला तथा पुरुषतर्फ 'सिंगल्स' र 'डबल्स' तथा भेट्रान्सतर्फ ३५, ४५, ५५ र ६५ वर्ष माथि उमेर सूमहमा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक एवं कास्की जिल्ला टेनिस संघका उपाध्यक्ष नवीन चालिसेले जानकारी दिए । प्रतियोगितामा सहभागिताका लागि नेपालका विभिन्न प्रदेश र जिल्लाहरूसहित छिमेकी देश भारत, भुटान, बेलायत, जापान, हङकङलगायतका मुलुकहरूबाट खेलाडीहरू पोखरा आइपुगेका छन् ।

खुलातर्फ नेपालका शीर्ष वरियताका प्रदीप खड्कासहित जितेन्द्र परियार, कमल भण्डारी, आरभ सम्राट हाडा, नेहालजंग थापा, रोहित सुनुवार, मनोज राणा र महिलातर्फ सुनिरा थापा, सलोनी तामाङ लगायतका खेलाडीहरूको सहभागिता रहने प्रतियोगिताका टुर्नामेन्ट डाइरेक्टर कुमार अधिकारीले बताए ।

अधिकारीका अनुसार पुरुष एकलतर्फ ३१ खेलाडी, महिला एकलमा ११ खेलाडी, ३५ वर्षमाथि ३२, ४५ वर्षमाथि २९ खेलाडी, ५५ वर्षमाथि २० जना सहित एक सय बढी खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

महिला तथा पुरुष एकलतर्फ बिजेताले नगद रु ८० हजार उपबिजेताले रु ४० हजार सहित ट्रफि तथा सेमिफाइन लिस्टले नगद रु २० हजार सहित मेडल पुरस्कार प्राप्त गर्ने छन् ।

## सूर्य नेपाल गल्फ टुर

# कोर्स रेकर्डसहित नीरजलाई चार स्ट्रोकको अग्रता

■ प्रभाव संवाददाता




**धरान** – सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत तेस्रो प्रतियोगिता सूर्य नेपाल इस्टर्न ओपनको पहिलो दिन ८-अन्डर ६२ को नयाँ कोर्स रेकर्डसहित सानदार नतिजामा नीरज तामाङ शीर्षस्थानमा रहन सफल भएका छन् ।

घरेलु प्रो नीरजले २०२२-२३ सिजनमा शुकबहादुर राईले बनाएको ७-अन्डर ६३ को रेकर्ड तोड्दै नयाँ कोर्स रेकर्ड बनाएका हुन । उनले धन बहादुर थापालाई ४ स्ट्रोकले पछि पारेका छन् ।

धरानस्थित ७० पारको धरान गल्फ क्लबमा ४-अन्डर ६६ को स्कोरमा धन दोस्रो स्थानमा छन् । ३-अन्डर ६७ को नतिजामा भुवन कुमार रोक्का तेस्रो स्थानमा रहे । एमेच्योर सुन्दर राई सहित प्रोहरू युवराज भुजेल र विष्णु प्रसाद शर्माले संयुक्तरूपमा चौथो स्थान बाँडे । १-अन्डर ६९ को स्कोरमा नेपाल नम्बर एक गल्फर भुवन नगरकोटी, बलभद्र राई र एमेच्योर जितेन्द्र राई संयुक्तरूपमा सातौं स्थानमा छन् ।

यसैगरी १-ओभर ७१ को स्कोर बनाएका रामे मगर, सुनिल केसी, रवि खड्का, रमेश अधिकारी र एमेच्योर सुरेश तामाङ संयुक्तरूपमा दशौं स्थानमा रहेका छन् । धरानका प्रो नीरजले बोगी फ्री ८-अन्डर ६२ को उत्कृष्ट स्कोरकार्ड बनाउने क्रममा फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए । तेस्रो, पाँचौं, छैटौं र नवौं होलमा बर्डीको सफलता प्राप्त गरे । ५-पारको १२औं होलमा इगलको सफलता प्राप्त गरेका उनले १५औं र १८औं होलमा पनि एक-एक सट बचाए । उनले ब्याक नाइन ४-अन्डर ३० मा सकाए ।

धनले दोस्रो होलमा बोगी खेले पनि तेस्रो, आठौं र नवौं होलमा बर्डी प्रहार गर्दै फ्रन्ट नाइन २-अन्डर ३४ मा सकाए । यसपछि १३औं होलको बोगीविरूद्ध १२औं, १६औं र १८औं होलमा बर्डी प्रहार गर्दै ब्याक नाइन २-अन्डर ३० मा पूरा गरे ।

तेस्रो स्थानमा रहेका भुवनले फ्रन्ट नाइनमा २-अन्डर ३४ र ब्याक नाइनमा १-अन्डर ३३ खेले । उनले कुल ५ बर्डी र २ बोगी प्रहार गरे । तेस्रो, सातौं, नवौं, पन्ध्रौं र अठारौं होलमा एक-एक सट बचाए । पहिलो र सत्रौं होलमा बोगी खेपे ।

५४ होलको प्रतियोगितामा कुल ८ लाख ८२ हजार नगद पुरस्कार राशि रहेको छ । विजेताले उपाधिसँगै १ लाख ५० हजार नगद पुरस्कार प्राप्त गर्नेछ । दोस्रो र तेस्रो हुने खेलाडीहरूले क्रमश: १ लाख र ७५ हजार नगद प्राप्त गर्नेछन् ।

दोस्रो दिनको समाप्तिमा कट लागु हुनेछ र उत्कृष्ट २१ प्रोफेसनल गल्फरले अन्तिम १८ होलको लागि स्थान बनाउनेछन् । एमेच्योर खेलाडीको हकमा पनि सोही कट लागु हुने छ । तीन दिने प्रतियोगितामा २९ प्रोफेसनल २७ एमेच्योर गरी कुल ५६ गल्फरको सहभागिता रहेको छ । शनिबार प्रो एम इभेन्ट हुनेछ ।

यो सिजन आठ प्रतियोगितामा कुल ६७ लाख नगद पुरस्कार रहेको छ । यसअघि भएको दुई प्रतियोगिताको उपाधि एमेच्योर गल्फरहरूले जितेका थिए । सिजनको पहिलो प्रतियोगिता सेन्ट्रल ओपनको उपाधि एमेच्योर राहुल विके र दोस्रो प्रतियोगिताको उपाधि नेपाल नम्बर एक गल्फर सद्भाव आचार्यले जितेका थिए । यो पटक भने यी दुवै खेलाडीले सहभागिता जनाएका छैनन् ।

# इरानले ह्वाट्सएप, गुगल प्लेमाथिको प्रतिबन्ध हटायो



**तेहरान–** इरानी अधिकारीहरूले आधिकारिकरूपमा ह्वाट्सएप र गुगल प्ले स्टोरमा प्रतिबन्ध हटाएको छ । यसले देसको इन्टरनेट प्रतिबन्धहरूमा महत्त्वपूर्ण परिवर्तन गरेको छ । सीर्ष सरकारी अधिकारीहरूसँगको बैठकपछि आएको यो निर्णयले केही समयका लागि प्रमुख विश्वव्यापी प्लेटफर्महरूमा पहुँच प्रतिबन्धित इन्टरनेट नाकाबन्दीलाई सहज बनाउने दिसामा नयाँ कदमको संकेत गर्छ ।

तीनै तहका सरकारका प्रमुख, मन्त्री र सर्वोच्च परिषद्का सदस्यहरूको सहभागितामा मंगलबार बसेको बैठकमा इन्टरनेट सुसासन र प्रतिबन्धसम्बन्धी नीतिको पुनरावलोकन र समायोजन गर्ने विषयमा छलफल भएको थियो । सम्बन्धित अधिकारीहरूको मूल्यांकनको प्रस्तुतीकरणपछि काउन्सिलले अवस्थित इन्टरनेट प्रतिबन्धहरूमा परिवर्तनहरूलाई अनुमोदन गऱ्यो ।

इरानका सूचना तथा सञ्चार प्रविधिमन्त्री सत्तार हासेमीले भने, 'आज हामीले एकता र सहयोगका साथ इन्टरनेट प्रतिबन्ध हटाउनेतर्फ पहिलो कदम चालेका छौं । यस प्रयासका लागि म अध्यक्ष, सञ्चारकर्मी र कार्यकर्ताहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।' इस्लामिक रिपब्लिक न्युज एजेन्सी (आइआरएनए) रिपोर्टहरूका अनुसार, प्रतिबन्धहरू हटाउने कदम इरानी सरकारको डिजिटल परिदृश्य प्रबन्ध गर्नका लागि व्यापक दृष्टिकोणअनुरूप छ । यसले नियमन गरिएको साइबरस्पेस सासनको महत्त्वलाई जोड दिन्छ ।

इन्टरनेट प्रतिबन्धहरू हटाउने राष्ट्रपति मसूद पेजेस्कियानले आफ्नो राष्ट्रपति अभियानको क्रममा गरेका प्रमुख प्रतिज्ञाहरूमध्ये एक थियो ।

यद्यपि, प्रगतिको बाबजुद, सरकारले आफ्नो दृष्टिकोणले ह्वाट्सएप र गुगल प्लेजस्ता विश्वव्यापी सेवाहरूको पुनः परिचयसँगै स्थानीय प्लेटफर्महरूको विकास र प्रयोगलाई प्राथमिकता दिने कुरामा जोड दिएको छ । यी परिवर्तनहरू देखापर्दा, स्थानीय व्यवसाय र व्यक्तिगत प्रयोगकर्ताहरू दुवैमा व्यापक प्रभाव अझै पूर्णरूपमा मूल्यांकन गर्न बाँकी छ । प्रतिबन्धहरू सहज बनाउनु इरानमा इन्टरनेट स्वतन्त्रताका लागि एक महत्त्वपूर्ण कदम हो । *रासस/एएनआई*

## सुडानमा बढ्दो खाद्य असुरक्षाप्रति राष्ट्रसंघका महासचिवको चिन्ता

**न्युयोर्क–** संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेर्रेसले मंगलबार सुडानमा बढ्दो खाद्य असुरक्षाप्रति चिन्ता व्यक्त गर्दै द्वन्द्वका बीच धेरै क्षेत्रमा अनिकाल अवस्थाको चेतावनी दिएका छन् ।

एकीकृत खाद्यसुरक्षा चरण वर्गीकरण (आइपिसी) प्रवक्ता स्टेफनी ट्रेम्बलेले भने, 'सुडानमा द्रुतरूपमा बिग्रँदै गएको खाद्यसुरक्षा अवस्थाबाट महासचिव चिन्तित हुनुहुन्छ । खाद्यान्न र पोषणमा पहुँच देसभरि लाखौं मानिसहरूका लागि बिग्रँदै गएको छ ।'

'आइपिसीको भोकमरी समीक्षा समितिको पछिल्लो प्रतिवेदनले सुडानमा कम्तीमा पाँच स्थानमा अनिकालको अवस्था रहेको देखाएको छ । उत्तरी डार्फर र दक्षिण कोर्डोफानको पश्चिमी नुबा पर्वतमा रहेका विस्थापन शिविरहरूलाई जोखिममा रहेको देखाएको छ,' ट्रेम्बलेले भने ।

सुडानमा २४ लाखभन्दा बढी मानिसहरू द्वन्द्वको साथसाथै तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् । गुटेर्रेसले छिटो, सुरक्षित, निर्बाध र दिगो पहुँचको सुविधा दिनका लागि आफ्नो आह्वानलाई दोहोऱ्याए । *रासस/एएनआई*

## हरितगृह ग्यास उत्सर्जन कटौती गर्ने जापानको प्रतिबद्धता

**टोकियो–** जापान सरकारले मंगलबार आर्थिक वर्ष सन् २०३५ सम्ममा ६० प्रतिसतले हरितगृह ग्यास उत्सर्जन कम गर्ने योजनालाई स्वीकृत गरेको छ ।

वातावरण मन्त्रालय तथा अर्थ, व्यापार तथा उद्योग मन्त्रालयको संयुक्त बैठकमा आर्थिक वर्ष सन् २०४० सम्म ७३ प्रतिसतले न्यूनीकरण गर्ने दीर्घकालीन लक्ष्यमा पनि अधिकारी तथा विज्ञहरू सहमत भएका छन् ।

बैठकमा केही विज्ञहरूले विश्वव्यापी जलवायु लक्ष्य पूरा गर्न अपर्याप्त भनी वर्णन गरिएका लक्ष्य तयारीको अन्तिम चरणमा छन् । यी लक्ष्यहरू फेब्रुअरी सन् २०२५ सम्म संयुक्त राष्ट्रसंघमा पेस हुने छन् ।

सरकारले आर्थिक वर्ष सन् २०४० का लागि क्षेत्रगत उत्सर्जन न्यूनीकरणको लक्ष्य तय गरेको छ । यसमा आर्थिक वर्ष सन् २०१३ को तुलनामा व्यापार क्षेत्रमा ७४ देखि ८३ प्रतिशत, यातायातमा ६४ देखि ८२ प्रतिशत र घरपरिवारमा ७१ देखि ८१ प्रतिसत समावेश छ । *रासस/एएनआई*

अजरबैजान विमान दुर्घटना

# ३० भन्दा बढीको मृत्यु, २८ जनालाई जीवितै उद्धार गरियो



**अस्ताना, कजाकिस्तान–** अजरबैजान एयरलाइन्सको यात्रुबाहक विमान पश्चिमी कजाकिस्तानमा बुधबार दुर्घटनाग्रस्त भएको छ । हावाहुरीका कारण निर्धारित गन्तव्यमा जान नसकेपछि मार्गबाट चिप्लिएर दुर्घटनाग्रस्त भएको अधिकारीहरूले बताएका छन् ।

कजाकिस्तानका अधिकारीहरूले बाकुबाट रूसको ग्रोज्नीका लागि उडेको एम्ब्रेयर १९० विमान क्यास्पियन सागरको पूर्वी किनारामा तेल र ग्यासको केन्द्र अक्टाउ सहर नजिकै दुर्घटना भएको बताएका छन् । कजाकिस्तानका अधिकारीले भनेका छन्, 'विमानमा रहेका ३० भन्दा बढी यात्रुको मृत्यु भएको हुनसक्ने बताएका छन् । मृतकको संख्या अझै औपचारिक रूपमा पुष्टि हुन सकेको छैन ।'

विमानमा ६२ यात्रु र पाँच चालक दलका सदस्य थिए भने २८ जनालाई जीवितै उद्धार गरी उपचारका लागि अस्पताल पठाइएको छ । उक्त विमान अजरबैजानको राजधानी बाकुबाट क्यास्पियन नदीको पश्चिमी किनारमा रहेको दक्षिणी रुसको चेचन्यास्थित ग्रोज्नी सहरका लागि उडेको थियो ।

विमान दुर्घटनापछि अजरबैजानका राष्ट्रपति इल्हाम अलियेभले पूर्वसोभियत राष्ट्रहरूको समूह 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स'का नेताहरूको अनौपचारिक सिखर सम्मेलनमा भाग लिन रूसको भ्रमणको कार्यक्रम छोटचाएको उनको कार्यालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कजाकिस्तानको यातायात मन्त्रालयले टेलिग्राममा भनेको छ, 'बाकु-ग्रोज्नी हवाई मार्गमा उडेको एउटा विमान अक्ताउ सहर नजिकै दुर्घटनाग्रस्त भएको छ । यो अजरबैजान एयरलाइन्सको हो ।'

अजरबैजानको राष्ट्रिय ध्वजाबाहक एयरलाइन्सका अनुसार विमानमा ६२ जना यात्रु र पाँच जना चालक दलका सदस्य थिए । विमान अक्ताउबाट करिब तीन किलोमिटर टाढा 'आपत्कालीन अवतरण' गरिएको बताइएको छ ।

विमानमा अजरबैजानका ३७ जना, कजाकिस्तानका छ जना, किर्गिस्तानका तीन जना र रूसका १६ जना रहेको कजाकिस्तानको यातायात मन्त्रालयले जनाएको छ । कजाकिस्तानको आकस्मिक व्यवस्था मन्त्रालयले विमान दुर्घटना हुँदा लागेको आगो आफ्ना कर्मचारीले नियन्त्रणमा लिएको जनाएको छ । 'प्रारम्भिक जानकारीअनुसार विमानमा सवार दुई बालबालिकासहित २८ जनालाई अस्पताल भर्ना गरिएको छ,' मन्त्रालयले भनेको छ । *रासस/एएफपी*


**बहराइनमा रोजगार** कम्पनी : Radhwan Grills W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०९/०९ | LT. No. 315911 | चलानी नं. ६०२३०१८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 5 | 0 | 120 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

**युएइमा रोजगार** कम्पनी : PERFECT MANPOWER SUPPLY SERVICES

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१० | LT. No. 298716 | चलानी नं. ६०२०१८४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer Assistant | 13 | 0 | 1100 | ५४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Civil Engineer Labourer | 15 | 0 | 1200 | ५२,७७० | | | | | | | |
| 3 | Mining Labourer | 7 | 0 | 800 | ५२,७७० | | | | | | | |
| 4 | Road Maintainance Labour | 15 | 0 | 800 | ५२,७७० | | | | | | | |
| 5 | Welder Assistant | 15 | 0 | 1100 | ५२,७७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष १८ गते (2nd Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Niwida Govt. License No. 711/064/065
NIWIDA CONCERN PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-4470711, 4470811, Mobile: 9851146299,
E-mail : niwida@gmail.com, Web: www.niwidaconern.com


**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**

**कर्णाली प्रदेशको कालिकोट जिल्ला र सुदुरपस्चिम प्रदेशको अछाम जिल्लामा प्रस्तावित रहफ भैरवस्थान असरा-तुल्ता बेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८) स्तरोन्तिको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आव्हान गरिएको सार्वजनिक सूचना**

**सूचना प्रकाशित मिति २०८१/०९/११**

प्रस्तावक श्री सडक विभाग, योजना अनुगमन तथा मूल्यांकन शाखाद्वारा प्रस्तावित रहफ भैरवस्थान असरा-तुल्ता बेलखेत-दुलाकोडा-भानाकोट-कालिकोट हिल्सा चाइना सिमाना सडक (८९.५६८) स्तरोन्तिको वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन प्राप्त भएको छ ।

**आयोजनाबाट प्रभाव पर्ने जिल्ला/नगरपालिका/गाउँपालिका:**

| | |
|---|---|
| **प्रभाव क्षेत्रमा पर्ने जिल्ला/ न.पा./वडा** | सुदुरपस्चिम प्रदेश, अछाम जिल्लाको तुर्माखाँद गाउँपालिका वडा नं. १,२,३,६ र ८, कमलबजार नगरपालिका वडा नं. ३, पञ्चदेवल विनायक नगरपालिका वडा नं. ४,५,८ र ९ कर्णाली प्रदेश, कालिकोट जिल्लाको नरहरिनाथ गाउँपालिका वडा नं. ८,१, सान्नी त्रिवेणी गाउँपालिका वडा नं. १,२,३, र ४ र रास्कोट नगरपालिका वडा नं.६,७,८ र ९ |

प्रस्तावित सडक अछाम जिल्लाको तुर्माखाँद गाउँपालिकाको रहफ बाट सुरु भई कालिकोट जिल्लाक रास्कोट नगरपालिकाको वक्नर कोटीमा पुगेर अन्त्य हुने । सडकको फर्मेसन चौडाइ (सडक नाली सहित) १०.७ मि. रहने । हालको माटे सडकलाई चैडाइ वृद्धि र कालोपत्रे गरी सडकको स्तरोन्नति गरिने । प्रस्तावित सडकको क्षेत्राधिकार (Right Of Way) ५० मि. (मध्य रेखा बाट दुवै तर्फ २५-२५ मि.) को रहेको जसमा ७ मि. को Carriage Way, १/१ मि. सोल्जर चैडाइ दुवै तर्फ प्रस्ताव गरिएको र सडकको design speed ३० कि.मि प्रति घण्टा रहने । प्रस्तावित सडकको क्षेत्राधिकार भित्र कुल जम्मा ४१७.५ हे. र फर्मेशन बिचमा (नाला सहित कुल जम्मा ९२.०५ हे. जमिन र सडकको स्तरोन्नति गर्दा वृद्धि हुने चैडाइको लागि कुल ६५.१५ हे. आवश्यक पर्ने देखिन्छ । आयोजनाबाट ४२ घरधुरी प्रभावित हुने उल्लेख छ ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरुमा तथा यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ । प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा त्यस्ता राय-सुझावहरुलाई समेत ध्यानमा राखिने छ । उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले सात (७) दिन भित्र आफ्नो लिखित रुपमा राय सुझाव निम्न ठेगानामा पठाई दिनु हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरु:**

| | |
|---|---|
| श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाण्डौं । | श्री तुर्माखाँद गाउँपालिकाको कार्यालय, अछाम । |
| श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको पुस्तकालय, बबरमहल, काठमाण्डौं । | श्री कमलबजार नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम । |
| श्री नेपाल राष्ट्रिय पुस्तकालय, सानोठिमी, भक्तपुर । | श्री पञ्चदेवल विनायक नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, अछाम । |
| श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, किर्तिपुर, काठमाण्डौं । | श्री नरहरिनाथ गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, अछाम । |
| श्री पुस्तकालय, संसद सचिवालय, सिंहदरबार, काठमाण्डौं । | श्री सान्नी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कालिकोट |
| श्री आदिबासी तथा जनजाति महासंघ नेपाल, सिनामंगल, काठमाण्डौं । | श्री रास्कोट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कालिकोट । |
| श्री जिल्ला समन्वय समितिको कार्यालय, अछाम । | श्री डिभिजन वन कार्यालय, अछाम । |
| श्री जिल्ला समन्वय समितिको कार्यालय, कालिकोट । | श्री डिभिजन वन कार्यालय, कालिकोट । |

**राय सुझाव पठाउने ठेगाना**
**वन तथा वातावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरबार, काठमाण्डौं**
फो.नं. ०१४-२११५६७, ४२११९४६ फ्याक्स नं. ०१-४२११८६८, Email:- info@mofe.gov.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८१ साल पुष महिना ११ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय गोपीगन्जबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **शिवशक्ति स्टोर्स** प्रोपाइटर : अर्मिता कुमारी जयसवाल दर्ता मिति : २०७३/०२/१८
साविकको दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी
साविक प्रा.फ.र.नं. : ७८४/८५७४/०७३
हालको दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.प.)
हाल प्रा.फ.दर्ता नं. : ९०९/२८०९/०६८
रजिष्टर्ड ठेगाना : नवलपरासी जिल्ला प्रतापपुर गा.पा. वडा नं. ७ स्थायी लेखा नं. : ६०२१०४९५१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) रामजी जयसवालको नातिनी कन्हैयालाल जयसवालको छोरी नवलपरासी जिल्ला गुठीसुर्यपुरा गा.वि.स. वडा नं. २ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ७ बस्ने **अर्मिता कुमारी जैसवाल** (ना.प्र.नं. : ३६-०१-७०-१२८०४ जारी मिति र जिल्ला : २०७०/०८/११, नवलपरासी)

२) कान्त जयसवालको नाति रामजी जयसवालको छोरा नवलपरासी जिल्ला कुस्मा वडा नं. ३ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ७ बस्ने **कन्हैया लाल जयसवाल** (ना.प्र.नं. : ४४२४५ जारी मिति र जिल्ला : २०५४/११/१०, नवलपरासी)

३) रामजी जैसवालको बुहारी कन्हैया लाल जैसवालको पत्नी नवलपरासी जिल्ला गुठी सुर्यपुरा वडा नं. २ हाल, नवलपरासी (ब.सु.प.) जिल्ला प्रतापपुर गा.पा. वडा नं. ७ बस्ने **मालती देवी जैसवाल** (ना.प्र.नं. : ३६१०४६/५५ जारी मिति र जिल्ला : २०६५/१२/१९, नवलपरासी)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०२/२२ को अन्नपूर्ण पोष्ट् राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०८१/०७/१३ को आर्थिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (विगाहा) |
|---|---|---|---|---|
| अर्मिता कुमारी जैसवाल | नवलपरासी जिल्ला गुठी सुर्यपुरा वडा नं. २ | २ | २२४ | ०–१–६-० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८१/१०/०२ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय गोपीगन्ज आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/१०/०३ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय गोपीगन्जमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"
**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४९७०० | प्रति तोला – ० | प्रति तोला – १८०० |

# कर्णाली डेभलपमेन्ट बैंक समस्याग्रस्त

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राष्ट्र बैंकले कर्णाली डेभलपमेन्ट बैंकलाई समस्याग्रस्त घोषणा गरेको छ । राष्ट्र बैंक सञ्चालक समितिको बुधबारको बैठकले बाँकेको नेपालगञ्जमा प्रधान कार्यालय रहेको उक्त बैंकलाई समस्याग्रस्त संस्था घोषणा गरेको हो । राष्ट्र बैंकद्वारा जारी प्रेस विज्ञप्तिअनुसार समस्याग्रस्त घोषणापछि उक्त बैंकको व्यवस्थापनको जिम्मेवारी राष्ट्र बैंकले आँफै लिएको छ ।

'नेपाल राष्ट्र बैंक सञ्चालक समितिको बैठकले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख बमोजिम उक्त संस्थालाई 'समस्याग्रस्त संस्था' घोषणा गर्ने निर्णय गरेको हो । साथै, अर्को व्यवस्था नभएसम्मका लागि सोही ऐनको दफा ८६ ग बमोजिम कर्णाली विकास बैंक लिमिटेडको व्यवस्थापन नेपाल राष्ट्र बैंकको नियन्त्रणमा लिइएको छ', विज्ञप्तिमा भनिएको छ ।

उक्त संस्था सञ्चालनका निम्ति बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरिएको छ । समूहमा वित्तीय संस्था सुपरिवेक्षण विभागका उप निर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उप-निर्देशक जुगल किशोर कुशवाहालाई सदस्य तोकिएको छ । समूहले २०८१ पुस ११ देखि उक्त संस्थाको तोकिएको जिम्मेवारी सम्हाल्नेछ ।

राष्ट्र बैंकले उक्त व्यवस्थापन समूहलाई तोकिएको कार्यादेशसहित नेपाल राष्ट्र बैंक ऐन, २०५८ बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ लगायतका प्रचलित कानुनको अधीनमा रही सञ्चालक समिति र संस्थाको विशेष साधारणसभाको समेत काम, कर्तव्य र अधिकारको प्रयोग गर्ने अख्तियारी दिइएको छ । व्यवस्थापन समूहलाई सर्वसाधारणको हित संरक्षणलाई केन्द्रित गर्दै बचतकर्ताको बचत भुक्तानी र संस्थाको ऋण असुलीलाई प्राथमिकता दिई कार्य गर्ने, संस्थाको 'ड्यु डेलिजेन्स अडिट' सम्पन्न गराउन आवश्यक कार्य गर्ने, संस्थामा भएका वित्तीय अपचलनउपर आवश्यक छानबिन गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने लगायतका अख्तियारी प्रदान गरिएको छ ।

न्यूनतम पुँजीकोष अनुपात कायम नगरेको, संस्थागत सुशासनको अवस्था कमजोर भएको, आर्थिक हिनामिनाको आशंका भएको, कमजोर तरलता स्थितिसँगै संस्थाले भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसक्नेकोलगायत कारण देखाएर राष्ट्र बैंकले उक्त संस्थालाई समस्याग्रस्त घोषणा गरेको हो । संस्थालाई यथास्थितिमा सञ्चालन हुन दिइराख्दा निक्षेपकर्ताको रकम सुरक्षित नहुने र बैंकिङ प्रणालीप्रति अविश्वास सिर्जना हुने अवस्था देखिएकोले सर्वसाधारणको हित कायम गर्न संस्थालाई समस्याग्रस्त घोषणा गरी नियन्त्रणमा लिइएको राष्ट्र बैंकले जनाएको छ ।

न्यूनतम पुँजीकोष अनुपात कायम नभएको, निष्क्रिय कर्जा अनुपात ४० दशमलव ८५ प्रतिशत रहेको लगायतका कारणले संस्थाको वित्तीय अवस्था समस्या उन्मुख देखिएपछि राष्ट्र बैंकले एक महिना अघि गत मङ्सिर ११ गते थप निक्षेप संकलन र कर्जा प्रवाहमा रोक लगाएको थियो । संस्थामा देखिएका सबै समस्या हल गर्न सुधारात्मक कारवाहीसहित राष्ट्र बैंकले छ महिनाको समय दिएको थियो । तर बैंकमा थप समस्या देखिने अवस्था आएपछि समस्याग्रस्त घोषणा गरेर राष्ट्र बैंकले कर्णाली डेभलपमेन्ट बैंकको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको हो ।

# रसुवामा बढे पर्यटक

**रसुवा (प्रस)–** रसुवाको पवित्र तीर्थस्थल गोसाईकुण्ड र लाङ्टाङ क्षेत्र भ्रमण गर्ने पर्यटकको संख्या पच्चीस हजार नाघेको छ । चालू आर्थिक वर्षको साउनदेखि मङ्सिरसम्म जम्मा २५ हजार पाँच सय २१ पर्यटकले गोसाईंकुण्ड र लाङटाङ क्षेत्रको भ्रमण गरेको लाङ्टाङ राष्ट्रिय निकुञ्जका प्रमुख श्यामकुमार साहले जानकारी दिए ।

यसरी रसुवा भ्रमण गर्न आउनेमा स्वदेशी तथा विदेशी गरी महिला नौ हजार एक सय तीन र पुरूष १६ हजार चार सय १८ रहेका छन् । यसैगरी सार्क राष्ट्रका छ हजार एक सय ६७ जना विदेशी पर्यटक रसुवा घुम्न आएको निकुञ्जको विवरणमा उल्लेख छ । लाङ्टाङ राष्ट्रिय निकुञ्ज कार्यालयले पर्यटक, बन पैदवार, न्यायिक दण्ड तथा जरिवाना, सरकारी सम्पतिको वहालबाट रु दुई करोड २८ लाख सात हजार एक सय ८३ राजस्व सङ्कलन गरेको जनाएको छ ।

निकुञ्ज क्षेत्र आसपासमा बसोबास गरिरहेका र अन्य जन्तुबाट अन्नबाली क्षति पुर्‍याएका ४३ किसानलाई नियमानुसार मुल्यांकनका आधारमा रु चार लाख आठ हजार छ सय ५० राहत वितरण गरेको प्रमुख साहले बताए ।

निकुञ्ज संरक्षणलाई प्रभावकारी बनाउन स्थानीय निकुञ्जवासीको साथ सहयोग रहिआएको, शान्तिसुरक्षाको लागि तैनाथ श्रीनाथ गणबाट नियमित गस्ती भइरहेको, सुख्खायाममा लाग्ने डँडेलो नियन्त्रणका लागि जनचेतना जगाउने कामलाई प्राथमिकतामा राखेको र अग्नि नियन्त्रणका सामग्रीसहित पूर्वतयारी अवस्थामा रहेको निकुञ्जले स्पष्ट गरेको छ । यसैगरी निकुञ्जले समग्र वन तथा वनस्पति एवं जैविक विविधताको संरक्षण गर्न समयसापेक्ष जनचेतना अभिवृद्धि गर्ने, रेडपाण्डा र हिम चितुवाको संरक्षणका लागि थप अध्ययन अनुसन्धान गराउने कामलाई प्राथमिकतामा राखेको छ ।

# भक्का बेचेर घर खर्च जुटाउन विवश आमाहरू...

■ प्रभाव संवाददाता

**धरान (सुनसरी)–** जाडो याम सुरु भएसँगै यहाँका केही महिलाले भक्का बिक्री सुरु गरेका छन् । जाडोमा भक्का बढी बिक्री हुने भएकाले घरखर्च जुटाउन सजिलो भएको उनीहरूको भनाइ छ । धरान उपमहानगर-१० का दिया राजधामी हरेक दिन विहान र बेलुका भक्का बिक्रीका लागि घर नजिकैको गल्लीमा पुग्छिन् । उनले भक्का बेच्न सुरु गरेको चार वर्ष भयो । कात्तिकदेखि फागुनसम्म भक्का बिक्री गर्ने गरेको र यसैबाट घरखर्च जुटाउने गरेको उनले सुनाइन् ।

उनले भक्का प्रतिगोटा रु २० दरले बिक्री गर्छिन् । उनले भनिन्, 'भक्का बिक्रीबाट दैनिक रु तीन हजार पाँचसयसम्म आम्दानी हुन्छ, मेहनतअनुसारको कमाइ छ, घर खर्चमा सहयोग पुगेको छ ।' उनले हरेक दिन करिब सात केजी चामलको पिठोको भक्का बिक्री गर्दै आएकी छिन् । उनका अनुसार स्थानीयहरू मर्निङ वाकदेखि नै भक्का खान झम्मिन्छन् । धरान उपमहानगर-१७ का जितेन्द्र राईले आफू मर्निङ वाकमा जाँदा धेरै जसो भक्का खाने गरेको सुनाइन् । 'भक्का पानीको बाफबाट कुनै रसायन प्रयोग नगरी बनाइएको हुन्छ, जुन स्वास्थ्यका लागि पनि राम्रो पनि हुन्छ, विहानको खाजाका लागि यो निकै राम्रो छ ।'

धरान उपमहानगर-१३ का विनिता राजधामीले पनि विगत आठ वर्षदेखि भक्का बेच्दै आएको बताइन् । उनले भनिन्, 'जाडो सुरु भएपछि भक्कासँगै आलुचप पनि बिक्री गर्छु, धरान-१३ को जिरोप्वाइन्टदेखि पश्चिमतर्फको गल्लीमा दिउँसो ३ बजेदेखि राति ८ बजेसम्म भक्का बिक्री गर्ने दैनिकी जस्तै बनेको छ ।'

चामललाई केही समय पानीमा भिजाएर त्यसलाई पिसेर पिठो बनाएपछि भक्का बनाउनका लागि तयार हुन्छ । भक्का विशेष गरी दाउराको प्रयोग गरेर आगोमा बनाइने हुँदा दाउरा धेरै खपत हुन्छ । अहिलो एक भारी दाउराकै रु दुई सय पर्ने गरेको उनको भनाइ छ । एक भारी दाउराले १० दिन पुग्छ । भक्का अहिले प्रतिगोटा मूल्य रु २० मा बिक्री हुँदै आएको छ ।


**उपभोक्ता हकको रक्षा गरौं**

- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति नराख्नु,
- मिति/म्याद समाप्त भएको वस्तु बिक्री गर्नु,
- कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु,
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु,
- खाद्य पदार्थमा अखाद्य रंग वा पदार्थको प्रयोग गर्नु,
- जस्ता कार्य उपभोक्ताको हकविरूद्धका कार्य हुन्,

**यस्ता कार्य कानून बमोजिम दण्डतीय भएकोले त्यस्ता कार्य नगरौं, नगराऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड





प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ